# परिच्छेद एक
# परिचय

शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण विषयमा गरिएको यो अध्ययनको परिच्छेदमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्नहरु र अध्ययनको परिसीमा निम्नानुसार समावेश गरिएको छ ।

## १.१ पृष्ठभूमि

शिक्षाले ब्यक्ति, समाज र संस्कृतिको विकासका निम्ति अनिवार्य शर्तका रुपमा काम गरिराखेको हुन्छ । किनकी यसलाई नैसर्गिक अधिकारका रुपमा समेत परिभाषित गरिएको पाईन्छ । मानव सभ्यताका विकास क्रमलाई केलाउदा प्राचिन ग्रीस, शिक्षा र मानव दुवै सभ्यताको उद्‌गम स्थलको रुपमा लिने गरिन्छ । शुरुमा मानव जीवनशैली सरल प्रकृतिको रहेको पाइन्छ भने मानव सभ्यताका विभिन्न कालखण्ड गुज्रिए पश्चात आवश्यकता र चाहनाहरु विकास र विस्तार हुँदै गएको पाइन्छ । शुरुको आवश्यकता घर-परिवारले मात्र परिवारका सदस्यहरुको आवश्यकता पूरा गरेको मानव समाजमा अन्ततः परिवारले मात्र मानवीय आवश्यकता पूरा गर्न नसक्ने भई विकल्पको खोजी गर्नुपर्ने बाध्यता सिर्जना भयो । यस अवस्थाबाट प्रष्ट हुन्छ की मानिसका अन्य आवश्यकताका साथै शिक्षा विकासको कार्य अनौपचारिक रुपमा विस्थापित भई औपचारिक रुपमा केन्द्रित हुन पुग्यो । शिक्षाको जिम्मा दिनुपर्ने छुट्टै निकाय बन्न पुग्यो, जुन विद्यालयको रुपमा स्थापित भयो ।

वास्तवमा शिक्षण प्रणालीको केन्द्रविन्दुका रुपमा रहेका विद्यार्थीहरुलाई जीवनोपयोगी ज्ञान र सीप प्रदान गरी उनीहरुको मनोवृत्तिमा सकारात्मक परिवर्तन ल्याउन र सक्षम नागरिकका रुपमा विकास गर्न राज्यका सम्पूर्ण शैक्षिक क्रियाकलापहरु केन्द्रित हुने गर्दछ । शैक्षिक प्रणाली र क्रियाकलापलाई समयसापेक्ष सुधार र परिमार्जन गर्न सम्बन्धित क्षेत्रमा काम गर्ने शिक्षकको कार्यसम्पादन, मूल्याङ्कन र सुझाब दिने छुट्टै निकायको खाँचो पर्दछ । त्यसैले विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्नमा अग्रयोद्धाको रुपमा जिम्मेवारी बहन गर्ने विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रधानाध्यापक, विषय विशेषज्ञ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत अन्य सदस्यहरुलाई सम्पूर्ण रुपले सबल र सक्षम बनाउनु आजको प्रमुख आवश्यकता बनेको छ ।

विद्यालयीय शिक्षाको विविध समस्यासँग सम्बन्धित रहेर ती समस्याहरुलाई फेरी नदोहोरिने तबरबाट समाधान गर्न सुपरिवेक्षण प्रणालीको खोजी गर्नुपर्ने देखिन्छ ।

कुनै पनि कामको परिवेश अवस्था र त्यसको प्रभावकारीताको लेखाजोखा गर्नु जाँचबुझ गर्नु निरीक्षण हो । कुनै पनि शैक्षिक संस्थामा कार्यसम्पादनमा भएका कमिकमजोरी रेखदेख वा जाँचबुझ गर्ने कार्यलाई निरीक्षण भनिन्छ (काफ्ले, सिन्हा र श्रेष्ठ, २०६२) । निरीक्षण शब्दलाई विकासका क्रममा सुपरिवेक्षणसँग गाँस्न थालेपछि प्रक्रियाको संकुचित घेरालाई तोडेर फराकिलो बनाएको छ । विद्यालयका भौतिक, शैक्षिक र आर्थिक अवस्थाको भित्री वा चुरो स्थितिको समेत सुपरिवेक्षण गरिन्छ । शिक्षकले के पढाउदै छ ? कसरी पढाउदै छ ? उसको अध्यापनले विद्यार्थीमा के कस्तो प्रभाव परेको छ ? शिक्षण सिकाई प्रक्रियामा के कस्तो समस्या आएको छ ? त्यसको गहन अध्ययन, अवलोकन गर्ने र सम्पूर्ण क्रियाकलापको स्थितिबारे जाँचबुझ गर्नु उपयुक्त निर्णय खोज्नु, कुशल एवं सक्षम नेतृत्व निर्माण गर्नु, पथप्रदर्शन गर्नु सम्पूर्ण शैक्षिक पक्षको विकास र विस्तार गर्ने कार्य सहभागितामूलक शैक्षिक सुपरिवेक्षणमा हुन्छ । सामान्य तथा प्रशासनिक सुपरिवेक्षण निरीक्षणमा केन्द्रित हुन्छ भने शैक्षणिक सुपरिवेक्षण सहयोग, समन्वय र सहजकर्ता तर्फ केन्द्रित हुन्छ (काफ्ले, सिन्हा र श्रेष्ठ, २०६२) ।

यस्तो महत्वपूर्ण निरीक्षण प्रक्रियाको थालनी सर्वप्रथम अमेरिकाले सन् १८१२ मा न्युयोर्कमा सुपरिवेक्षण सम्बन्धी एउटा विधेयक पारित गऱ्यो । सन् १८१२ मा सुपरिन्टेन्डेन्ट राखियो । सन् १८३८ मा सुपरिन्टेन्डेन्टको कार्यालय स्थापना गरी शहरी विद्यालय सुपरिन्टेन्डेन्टहरुको व्यवस्था बैफलो र न्यूयोर्क जस्ता शहरमा गरी निरीक्षण कार्य व्यवस्थित पारियो । सन् १९४२ मा अमेरिकाको न्यूयोर्कमा विद्यालयको निरीक्षण गर्ने भन्ने सम्बन्धमा एउटा विल पास भयो यो नै निरीक्षणको सम्बन्धमा कोसे ढुङ्गा सावित भयो (अधिकारी, २०६४) ।

नेपालको सन्दर्भमा शैक्षिक निरीक्षणको इतिहासलाई नियाल्ने हो भने वि.स. १९१० असोज २७ गते जंगबहादुर राणाले थापाथलीको दाख चोकमा अंग्रेजी विद्यालय स्थापना गरेपछि नेपालमा अंग्रेजी शिक्षाको प्रवेश र सुपरिवेक्षणको शुरुवात भएको मानिन्छ । आफ्ना एवं भाईभारदारका सन्तान पढाउने उद्धेश्यले खोलिएको उक्त विद्यालय संचालन तथा सुपरिवेक्षण गर्न बेलायतबाट प्र.अ. Canning र सुपरभाइजर Ross लाई ल्याइएको थियो । सरकारी स्तरबाट औपचारिक

निरीक्षणको सुरुवात भने वि.सं. १९९६ को इस्तिहारलाई दिएको मानिन्छ । जसले विद्यालयको जिम्मेवारी सञ्चालक समितिलाई दिएको थियो ।

वि.सं. १९९८ मा पहिलोपटक चिफ इन्सपेक्टर अफ स्कुल खुल्यो । यसको प्रमुख उद्धेश्य स्कुलको भौतिक अवस्था, शिक्षकको अवस्था, विद्यालय पठनपाठन हेर्ने र विद्यालय विस्तारलाई नियन्त्रण गर्नु थियो (अधिकारी, २०६४) ।

विद्यालय निरीक्षण र सुपरिवेक्षण गर्ने क्रममा संस्थागत सुधार हुँदै जाँदा वि.स. २००४ सालमा भएको आधार विद्यालय स्थापनाले निरीक्षण र शैक्षिक प्रशासनको चहलपहल बढ्यो । आधार शिक्षा योजना अन्तर्गत स्थापना भएको विद्यालयमा शिक्षक दरबन्दी निकासा, रेखदेख तथा सुपरिवेक्षणको समेत शैक्षिक प्रशासनको सम्पूर्ण काम पाठशाला बन्दोवस्त नागरीक फाँट शिक्षा विभाग अन्तर्गत स्थापना भएको शिक्षा गोश्वारा नामको नयाँ अड्डाले हेर्ने व्यवस्था थियो । वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पछि शिक्षा विभागको सट्टा शिक्षा मन्त्रालयको स्थापना भयो र आधुनिक निरीक्षण युगको शुरुवात भयो । राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२) ले भने विद्यालय निरीक्षकको अनुपात समेत किटान गरेको थियो । जस अनुसार उपत्यका र तराईका प्राथमिक विद्यालयमा १:३०, निम्न माध्यमिक विद्यालयमा १:१५, र माध्यमिक विद्यालय तहमा १:१० र पहाडमा प्रा.वि.१:१५ नि.मा.वि मा १:१० र माध्यमिक तहमा १:७ सिफारीस गरेको थियो ( राष्ट्रिय शिक्षा पद्धति योजना,२०२८-२०३२) ।

विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी र सबैको सहभागिता जुटाउन आवश्यक भएको छ । यस सन्दर्भमा विद्यालय निरीक्षण तथा सुपरिवेक्षण गर्नका लागि शिक्षा नियमावली (२०५९) को नियम १७ मा विद्यालय निरीक्षणको काम कर्तव्य र अधिकार उल्लेख गरेको छ । शिक्षा मन्त्रालय देखि शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, विद्यालय व्यवस्थापन समिति, समूदाय र अभिभावक समेतलाई सुपरिवेक्षणको जिम्मा दिएको छ । शिक्षा मन्त्रालयले प्राथमिक विद्यालयहरुको सुपरिवेक्षणमा राज्यभरी १२९७ स्रोत व्यक्तिको व्यवस्था गरी निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयको सुपरिवेक्षण गर्न जति पनि सुपरिवेक्षणको संख्या बढाएको छ त्यति नै उनीहरुको कार्य घटेको छ (श्रेष्ठ, २०५८:८६) ।

शैक्षिक क्रियाकलापलाई बारम्बार हेर्नु, अनुगमन गर्नु, पठनपाठनको अवलोकन गर्नु, पाठ्यक्रम, पाठ्यपुस्तकको प्रभावकारीता जाँच गर्नु, त्यसका आधारमा देखिएका कमिकमजोरीहरुलाई सुधार गर्न आवश्यक पृष्ठपोषण दिनु, दिइएको पृष्ठपोषण लागु भएको छ छैन निरन्तर हेरी समग्र शैक्षिक क्रियाकलाप सुधार गर्नुलाई सुपरिवेक्षण भनिन्छ । विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्नमा बि.नि./स्रोतब्यक्ति, प्र.अ., विषय विशेषज्ञ, वि.ब्य.स. पदाधिकारीहरुले सहभागितामूलक रुपमा विद्यालयको समग्र शैक्षिक पक्षको कार्यसम्पादनमा भएको कमी कमजोरी रेखदेख गर्ने र कमजोरी सुधार्न शिक्षकलाई आवश्यक सल्लाह सुझाव र निर्देशन दिने कार्यलाई सहभागितामूलक सुपरिवेक्षण भनिन्छ । यसमा सुपरिवेक्षक र शिक्षक वीच पारस्परिक सहयोग आदानप्रदान हुनु पर्दछ । लक्ष्य र उद्धेश्य प्राप्त गर्नको लागि दुवै तर्फ सहयात्रीको रुपमा काम गर्नु पर्दछ । सुपरिवेक्षकहरुले शिक्षकहरुलाई डरत्रास नदिई उनीहरुलाई सहयोग गर्नु पर्दछ । सहभागितामूलक सुपरिवेक्षण प्रयोग गर्नुपर्ने कारणहरु निम्नानुसार छन् ।

सहभागितामूलक सुपरिवेक्षणले शिक्षण सिकाइ कार्यमा मद्धत पुऱ्याउँदछ । सहकार्य, सहयोगात्मक भावनाको विकास र विचारको आदान प्रदानमा मद्धत गर्दछ । सहभागितामूलक सुपरिवेक्षण शैक्षिक सुपरिवेक्षणमा नयाँ प्रयोग र थालनी हो । सहभागितामूलक सुपरिवेक्षणले शिक्षकहरु वीचमा दक्षता र क्षमताको अनुशरण गर्ने बानिको विकास गराउँदछ । सबै शिक्षक र सुपरिवेक्षकहरुमा एकै खालको सीप र दक्षता नहुने भएकाले एक अर्काको दक्षताको उपयोग गर्ने अवसर मिल्दछ । सीमित स्रोत र साधनको अधिकतम् उपयोग गरी शिक्षाको गुणस्तर बढाउन सकिन्छ । एक अर्काबाट प्रयाप्त सिक्न र समूहमा काम गर्ने भावनाको विकास हुन्छ । प्रतिष्पर्धात्मक भावनाको विकास भई शिक्षकको दक्षता र क्षमता अभिबृद्धि हुन्छ (कोइराला, गौतम र लुइटेल, २०६४) ।

विद्यालय निरीक्षक वा सुपरिवेक्षकले शिक्षकलाई प्रेरणा जगाउने, अभिप्रेरणा ल्याउने, समन्वय गर्ने, निर्देशन दिने, आत्मनिर्देशित बनाउने र पेशागत दक्षता अभिवृद्धि गराउने गर्दछ । विद्यालय निरीक्षकले आफ्नो सेवाक्षेत्र भित्र परेका स्रोत केन्द्र अन्तर्गतका विद्यालयहरुमा उपस्थित भई प्रधानाध्यापक एवं शिक्षकहरुका कक्षा अवलोकन गर्ने र कमीकमजोरी प्रजातान्त्रिक तवरबाट औल्याई सुधारका लागि सुझाब दिने गर्दछन् । यस बदलिदो धारणा अनुसार विद्यालय निरीक्षकले प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी र स्रोत व्यक्तिलाई

सहजकर्ताको रुपमा निर्देशन, सल्लाह, सुझाब दिने, शिक्षकका कक्षा अवलोकन गर्ने र शैक्षिक गतिविधिको परिवर्तित सन्दर्भको अगुवाई गर्दछन ।

यसरी अपनाउने सुपरिवेक्षकले आफ्नो सेवाक्षेत्र भित्रका उच्च माध्यमिक, माध्यमिक, निम्न माध्यमिक, प्राथमिक र वालकक्षा समेत शिक्षकहरुका अगुवा व्यक्तित्वका रुपमा काम गर्नुपर्ने हुन्छ र शिक्षण सिकाइमा परेका चुनौतीलाई सुल्झाउन सुपरिवेक्षकले आफ्नो तर्फबाट सुधारात्मक प्रयास गर्नुपर्दछ ।

सहभागितामूलक सुपरिवेक्षणमा वि.नि., स्रोत व्यक्ति, वि.व्य.स. अध्यक्ष, प्र.अ. विषय विशेषज्ञहरुको काम कर्तव्य र अधिकार शिक्षा नियमावली (२०५९) मा निम्न अनुसार देखाएको पाइन्छ :

क) प्रत्येक महिनामा कम्तीमा ३/४ विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने र कमीकमजोरी भएमा सुधारको निम्ति सुझाब दिई सुधार्न लगाउने ।

ख) ऐन र नियमावली अनुसार विद्यालय नियमित रुपले सञ्चालन भए नभएको, पठनपाठन भए नभएको सम्बन्धमा वि.नि ले प्र.अ., शिक्षक अभिभावक संघ र शिक्षकसँग विचार विमर्श गरी आवश्यक सुधार गर्न लगाउने ।

ग) स्रोत व्यक्तिले आफ्नो सेवा क्षेत्रभित्रको विद्यालयमा हप्तामा १ पटक पुगेर कक्षा कोठाको व्यवस्थापनदेखि लिएर पठनपाठनमा अनुगमन गरी कमी कमजोरीमा सुधार गर्न लगाउने ।

घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं सदस्यहरुले विद्यालयमा सम्भव भए सधैं नभए ४/५ दिनको वीचमा १ पटक आएर विद्यालयको गतिविधि, शिक्षकको समस्या बुझेर पारिश्रमिक दिनुपर्ने ठाउँमा पारिश्रमिक दिलाउने ।

ङ) प्रधानाध्यापकले विद्यालयमा सबै शिक्षक तथा कर्मचारीसंग मिजासिलो भई महिनामा सम्भव भए २ पटक नभए १ पटक स्टाफ बैठक राखी समस्याको विषयमा छलफल गराउने ।

च) शिक्षकहरुको कर्यक्षमताको मूल्याङ्कन गरी अभिलेख राख्ने ।

छ) परीक्षा समितिको निर्देशन बमोजिम परीक्षा संचालन गर्ने गराउने ।

ज) शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने ।

झ) वि.व्य.स को बैठक नियमित बसे नबसेको जाँचबुझ गरी नबसेको भए बोलाउन प्र.अ. लाई वि.नि.ले निर्देशन गर्ने ।

अतः आफ्नो सेवाक्षेत्र भित्रको विद्यालय सुपरिवेक्षणको नेतृत्व विद्यालय निरीक्षकको साथै प्र.अ., स्रोतव्यक्तिको हातमा रहन्छ । पुच्छर ननिमोठी शिक्षकहरु काम गर्दैनन् भन्ने मानसिकता (कोइराला, २०५९) ठीक हो वा होइन त्यसको खोजी गर्ने सुपरिवेक्षणका समस्या र चुनौती पत्ता लगाउनु र उक्त चुनौती समाधानको तरिका खोज्नु समसामायिक रहेको छ । शिक्षाको विकासमा सहभागितामूलक सुपरिवेक्षणको सफल उपस्थितिले पार्ने प्रभाव र सहभागितामूलक सुपरिवेक्षणले शिक्षा विकासमा खेल्नुपर्ने भूमिका सम्बन्धमा यस अध्ययन अघि सार्ने प्रयत्न गरिएको छ ।

## १.२. समस्याको कथन

प्रत्येक विद्यालय जिल्ला शिक्षा कार्यालयको प्रत्यक्ष निर्देशनमा चलेका हुन्छन् । ती निर्देशनका बाहक भने विद्यालय निरीक्षक, स्रोत व्यक्तिहरु नै हुने गर्दछन । निरीक्षकले आफ्नो कार्य क्षेत्र वा स्रोत केन्द्रभित्रका सम्पूर्ण विद्यालयहरुका हरेक गतिविधिहरुको सुपरिवेक्षणप्रतिनिधिमूलक ढंगबाट गर्न सक्नुपर्दछ । विद्यालयमा संचालित कार्यक्रमहरुलाई प्रभावकारी बनाउन विद्यालय तहमा नै विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघको रोहवरमा प्रधानाध्यापक-लाई विश्वास सुम्पिएको हुन्छ । तर उनीहरुले आफ्ना कमीकमजोरी र समस्याहरुलाई प्रभावकारी किसिमबाट सुल्झाउन प्रायः असमर्थ भएकाले एक पर्यवेक्षक एंव सल्लाहकारको रुपमा विद्यालय निरीक्षक र स्रोत व्यक्तिको भूमिकालाई महत्वपूर्ण मानिन्छ । तर भौगोलिक विकटता, सुपरिवेक्षण कार्यको मूल्यांकन एवम् अनुगमनको अभाव विद्यालय निरीक्षकहरु र स्रोतव्यक्तिहरु आफू भन्दा माथिका अधिकृतमा चाकरी चाप्लुसी, चरित्रका  कारण आफ्नो जिम्मेवारीलाई सही रुपमा वहन गर्न सकिरहेका छैनन् । विद्यालय निरीक्षक र स्रोत व्यक्तिहरु विशेष गरी बढी सुविधा पट्याउने ध्याउन्नमा छन । त्यसैले उनीहरु आफ्नो कार्यक्षेत्रको सुपरिवेक्षणमा भन्दा हाकिम रिझाउनमा व्यस्त छन् । विद्यालय निरीक्षक र स्रोत व्यक्ति विद्यालयमा उपस्थित भई शिक्षकहरुको कार्यसम्पादनको उचित मूल्याङ्कन नभएर उनीहरुमा नैराश्यता उत्पन्न भएको हुन्छ । त्यो

नैराश्यता हटाउन उनीहरुले वेला बखतमा शिक्षकसँग बसी परामर्श गरी उनीहरुको कार्यक्षमतामा अभिवृद्धि गर्न सकारात्मक भूमिका खेल्नु पर्दछ ।

आज शिक्षा विकासको जिम्मेवारी कुनै एक व्यक्तिको काँधमा मात्र सीमित छैन । शिक्षक, विद्यार्थी, अभिभावक, सुपरिवेक्षक, वि.व्य.स., जि.शि.का., क्षे.शि.नि., शिक्षा विभाग लगायत सम्पूर्ण शैक्षिक क्षेत्रमा कार्यरत कर्मठहरुले यस सम्बन्धमा बुझ्नु पर्ने भएको छ । शिक्षा विकास गर्नमा एकांकी प्रक्रिया होइन भनी समग्र पक्षले आ-आफ्नो तर्फबाट सहभागितामूलक सुपरिवेक्षणका रुपमा अघि बढ्नु पर्ने आजको अवश्यकता छ ।

आजको यस घडीमा आइपुग्दा पनि हाम्रो देशको विद्यालयीय शिक्षामा सोचेजति सफलता प्राप्त गर्न सकिरहेका छैनौ । कतै यसको कारण प्रभावकारी सहभागितामूलक सुपरिवेक्षणको कमी त होइन ? कतै आज पनि परम्परागत शैलीको विद्यालय निरीक्षण प्रक्रिया त अवलम्बन गरीएको छैन? सहभागितामूलक सुपरिवेक्षणसम्बन्धी सरकारी नीति नियम के रहेको छ ? व्यवहारमा के-कस्तो माध्यमबाट सुपरिवेक्षण कार्य सम्पन्न गरिन्छ ? सुपरिवेक्षकहरुले आफ्नो भूमिका प्रभावकारी रुपमा निर्बाह गर्ने गरेका छन् कि छैनन्? उनीहरुको भूमिका कस्तो हुनुपर्दछ ? उनीहरु के कस्ता समस्याबाट पिडित छन? विद्यमान समस्या समाधानका लागि कस्ता उपाय अवलम्बन गर्नुपर्ला ? जस्ता समस्यालाई मनन गरी यस अध्ययनमा समस्याको कथनको रुपमा “शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण” शीर्षकलाई लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

विहानीले दिवाको संकेत गर्छ भने झैं मुलुकको समग्र शिक्षा प्रणालीको जग विद्यालयीय शिक्षा नै मुलुकका कर्णधारहरुका उत्पत्ति, विकास र विस्तार गराउने माध्यम हो । जग बलियो भए घर बलियो हुन्छ भनेझैं राष्ट्रको भाग्य कोर्ने कर्णधारहरु उत्पादन गर्ने विद्यालयीय शिक्षाको गुणस्तर विकासमा कुनै एक पक्षको मात्र भूमिका नरही समग्र शैक्षिक क्षेत्रमा कार्यरत प्रवुद्ध वर्गको कर्तव्य रहेको हुन्छ ।

औपचारिक शिक्षाको थालनीसँगै सुपरिवेक्षण प्रक्रियाको पनि थालनी भएता पनि (२०२८) को राष्ट्रिय शिक्षा पद्धति योजनाले यसलाई व्यवस्थित गरेको पाईन्छ । समय परिवर्तनसँगै शिक्षण सिकाइको धारणामा समेत परिवर्तन भएको छ । शिक्षक केन्द्रित, घोकन्ते विद्यामा आधारित विद्यार्थी भनेका कोरा कागज अथवा खाली भाँडा हुन् जहाँ शिक्षकले जे लेखे पनि वा जे गरे पनि गर्न सकिन्छ भन्ने परम्परागत मानसिकतामा आज परिवर्तन आएको छ  की खाली कागज वा भाँडा होइनन् जे गरे पनि गर्न सकिने । बरु सिकारुले लिएर आएको अन्तर्निहित प्रतिभालाई प्रस्फुटित गराउने कार्य शिक्षकले गर्दछ । शिक्षकको मूख्य उद्देश्य सिकाइको संज्ञानात्मक संरचनामा वा संसारलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु हो  (अधिकारी, २०६४) ।

सामान्य निरीक्षणबाट उपचारात्मक निरीक्षणको विकास भएको छ । यस सन्दर्भमा अध्ययनको औचित्यलाई निम्न बुँदामा प्रस्तुत  गरिएको छ :

क) विद्यालयमा सहभागितामुलक सुपरिवेक्षणको आवश्यकताको स्थिति पहिचान गरि यसले शैक्षिक गुणस्तर प्रवर्द्धन गर्न प्र.अ., वि.नि. स्रोत व्यक्ति, शिक्षकहरुलाई सहयोग पुऱ्याउँछ ।

ख) सुपरिवेक्षक/स्रोत व्यक्तिहरुले आफ्नो भूमिका निरन्तरताका साथ पूरा गरेका छन् कि छैनन् जानकारी लिन सहयोग पुऱ्याउँदछ ।

ग) सहभागितामूलक सुपरिवेक्षणबाट प्र.अ., स्रोतव्यक्ति, वि.नि., शिक्षकहरु, वि.व्य.स. अध्यक्षहरुको भूमिकाले शिक्षण सिकाईमा पारेको प्रभावको जानकारी लिन मद्दत पुऱ्याउँदछ ।

घ)विद्यालयमा कार्यरत शिक्षकहरुले निरीक्षक/स्रोतव्यक्तिबाट राखेका आशा एवं अपेक्षाको जानकारी लिन सहयोग पुऱ्याउँदछ ।

ङ) सुपरिवेक्षक/स्रोतव्यक्तिहरुको कार्यप्रति रहेका समस्याहरु पहिचान गर्न र समस्या समाधानका उपायहरु खोजी गर्न सहयोग पुग्दछ ।

च) सुपरिवेक्षक/स्रोत व्यक्तिहरुले शिक्षकलाई व्यावसायिक मित्रका रुपमा सहयोग पुऱ्याउन मद्दत गर्नेछ ।

माथि उल्लेखित बुँदाहरु अध्ययनका आधारमा शैक्षिक गुणस्तर प्रवर्द्धनमा सुपरिवेक्षण स्रोतव्यक्तिको भूमिका पहिचानको संगसंगै सहभागितामूलक सुपरिवेक्षण प्रक्रियालाई प्रभावकारी

बनाउनका लागि सहभागितामूलक सुपरिवेक्षणका क्रममा सुपरिवेक्षक/स्रोतव्यक्तिहरुले भोगिरहेका समस्याहरु समाधान गर्नु नितान्त आवश्यक भएकोले त्यस्ता समस्याहरु पहिचान गरी समाधान गर्न, विद्यालयस्तरीय सुपरिवेक्षण प्रक्रिया र यसमा विद्यमान समस्यासँग सम्बन्धित जानकारी लिई सुधार गर्न सुपरिवेक्षणसँग सम्बन्धित सम्पूर्ण निकायलाई मद्दत पुऱ्याउने कार्यलाई अध्ययनको औचित्य ठानिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार छन् :

क) विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणको वर्तमान स्थितिको विश्लेषण गर्ने ।

ख) विद्यालयमा शैक्षिक गुणस्तर प्रबर्धनका लागि सहभागितामूलक सुपरिवेक्षणको आवश्यकता पहिचान गर्ने ।

ग) विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण कार्यान्वयनका चुनौती पत्ता लगाउने ।

घ) विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण प्रभावकारी बनाउन विकल्पहरुको खोजी गर्ने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनमा तोकिएका उद्देश्यहरु पूरा गर्न निम्नअनुसार अनुसन्धानात्मक प्रश्नहरु समावेश गरिएको छ :

क) विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणको वर्तमान स्थिति के-कस्तो छ ?

ख) विद्यालयमा शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षणको आवश्यकता किन छ ?

ग) विद्यालयमा शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षणको आवश्यकताहरु के-के हुन् ?

घ) विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण कार्यान्वयका चुनौतीहरु के-के छन्?

ङ) विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणमा देखा परेका चुनौतीहरु के-के हुन् ?

च) विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणमा देखा परेका चुनौतीहरु हटाउने उपायहरु के-के छन् ?

छ) विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणलाई प्रभावकारी बनाउन के कस्ता विकल्पहरु हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन चितवन जिल्ला भित्रका १३ वटा स्रोतकेन्द्र मध्ये ४ वटा स्रोतकेन्द्र अन्तर्गत एक-एक वटा पर्ने गरी जम्मा ४ वटा सामुदायिक विद्यालयहरुका प्र.अ. ४ जना, वि.नि ४ जना, स्रोत व्यक्ति ४ जना र प्रत्येक विद्यालयको ५ जना शिक्षक पर्ने गरी २० जना शिक्षक सहित ३२ जना उत्तरदातालाई यस अध्ययनमा समेटिएको छ ।

छनौटमा परेका स्रोतकेन्द्र र उक्त स्रोतकेन्द्र अन्तर्गतको विद्यालयहरुमा, भण्डारा स्रोतकेन्द्र अन्तर्गत भण्डारा उच्च मा.वि. भण्डारा, खैरहनी स्रोतकेन्द्र अन्तर्गत वीरेन्द्र आदर्श उच्च मा.वि. वीरेन्द्रनगर, पिठुवा स्रोतकेन्द्र अन्तर्गत जनजीवन उच्च मा.वि. चैनपुर, भुवानी स्रोतकेन्द्र अन्तर्गत कपिया उच्च मा.वि. कुमरोजलाई लिइएको छ । शैक्षिक गुणस्तर पत्ता लगाउनका लागि छनौटमा परेका सामुदायिक विद्यालयहरुको २/२ वर्षको एस.एल.सी. परीक्षाको नतिजालाई गुणस्तरको सूचक विशिष्ट श्रेणी ८० प्रतिशत, प्रथम श्रेणी ६० प्रतिशत, द्धितिय श्रेणी ४५ प्रतिशतका आधारमा विश्लेषण गरिएको छ ।

सहभागितामूलक सुपरिवेक्षणमा वि.नि./ स्रोतव्यक्ति, प्र.अ., विषय विशेषज्ञ, शिक्षक, वि.व्य.स. अध्यक्ष रहेको हुन्छ तर पनि स्रोतको अभावमा यस अध्ययनमा सहभागितामूलक सुपरिवेक्षणमा वि.नि./स्रोतव्यक्ति र प्र.अ.को भूमिकामा केन्द्रित गरिएको छ । अनुसन्धान साधनहरुबाट प्राप्त सूचनाको आधारमा अध्ययनको व्याख्या तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अध्ययन अनुसन्धान कार्य शैक्षिक क्षेत्रमा देखिएका विद्यमान समस्याहरुलाई समाधान गर्ने उद्देश्य राखिएको हुन्छ । त्यससँग सम्बन्धित अध्ययनहरु पहिले देखि नै अनुसन्धान भएको हुन सक्छ । केहि अध्ययनसँग सम्बन्धित विभिन्न अनुसन्धानात्मक लेख, रचनाहरु, पुस्तिकाहरु प्रकाशन तथा शोधकार्य भएको हुनसक्छन् । जसको अध्ययनबाट आफ्नो अध्ययनलाई सहज पार्न सकिन्छ । यस शोधपत्रको शीर्षक "शैक्षिक गुणस्तर प्रबर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण" भएकोले यस अध्ययनलाई प्रभावकारी र यथार्थपरक बनाउन शोध शीर्षक सम्बन्धित साहित्यको अध्ययनले मद्दत पुऱ्याउने हुँदा यस परिच्छेदमा यस विषयसँग सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका निम्न अनुसार व्याख्या गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि कामको स्थिति परिवेश, अवस्था र त्यसको प्रभावकारीताको लेखाजोखा गर्नु निरीक्षण हो । प्रशासनले लिएको उद्देश्य, नीति तथा कार्यक्रम बमोजिम सुपरिवेक्षणको व्यवहार, प्रयास तथा क्रियाकलापहरु संचालित छन् वा छैनन् भनी हेर्नुलाई सुपरिवेक्षण भनिन्छ । विद्यालय निरीक्षक, स्रोत व्यक्ति, प्रधानाध्यापक विषय विशेषज्ञ, वि.व्य.स. अध्यक्ष लगायत अन्य सदस्यहरुले शिक्षकले के पढाउदै छ ? कसरी पढाउदै छ ? उसको अध्यापनले विद्यालयमा के कस्तो प्रभाव पारेको छ ? शिक्षण सिकाई प्रक्रियामा के कस्तो समस्या आएको छ ? त्यसको आ-आफ्नो तवरबाट गहन अध्ययन अवलोकन गर्ने र सोको समाधान गर्नुलाई नै सहभागितामूलक शैक्षणिक सुपरिवेक्षण भनिन्छ (काफ्ले, श्रेष्ठ र सिन्हा २०६२) ।

शोधकर्ताको लागि सम्बन्धित विषयको सम्बन्धित साहित्यको अध्ययन अति आवश्यक मानिन्छ । कुनै पनि समस्याको विकल्पको खोजि गर्न गरिने अध्ययनको लागि त्यस विषयसँग सम्बन्धित साहित्यहरुको अध्ययनले समस्या समाधानको लागि के कस्ता विकल्पहरुको खोजी भैसकेका छन् ? खोजी गर्न बाँकी विषयहरु के के छन् जानकारी दिन्छ । शोधकर्तालाई आफ्नो विषयसँग सम्बन्धित क्षेत्रमा अझ नयाँ विषयको खोजी गर्ने, तुलना गर्ने, कार्यमा थप सहयोग पुऱ्याउँदछ ।

यसै अध्ययनसँग मिल्दोजुल्दो सुपरिवेक्षणसँग सम्बन्धित विभिन्न पुस्तक, लेख, रचना, शोधपत्रहरुको अध्ययन गरी शोध शीर्षकको अध्ययनलाई निम्नअनुसार निर्दिष्ट गराउने प्रयत्न गरिएको छ ।

बराल, (२०६५) का अनुसार विद्यालय निरीक्षणको परम्परागत ढाँचा र शैली विश्वभरी नै विवाद र समस्याग्रस्त हुँदै गएपछि केन्द्रको सट्टा समुदायको र वाह्यको सट्टा आन्तरीक सुपरिवेक्षणको अबधारणा आउन थालेको छ । निरीक्षक र शिक्षकबीच सबै ठाउँमा द्वन्द हुन्छ । सामान्यतया यस्ता द्वन्दहरु संरचनागत भिन्नता, पद तथा शक्तिका कारणले जन्मिने गर्दछन् । शिक्षकको कार्यशैली स्वायत्त र सोझो हुने गर्दछ भने निरीक्षकहरुको प्रवृत्ति हेपाहा खालको हुन्छ, जसका कारण द्वन्द शुरु हुन्छ ।

वलायर, (२०६६) का अनुसार पुरातन विचार प्रधान अनुगमन प्रणालीले विद्यालय शिक्षा प्रणालीलाई प्रभावकारी बनाउने नाममा मनोवैज्ञानिक दवावको प्रारुपलाई प्रयोगमा ल्याएको पाइन्छ । तर्साउने निरीक्षण तानाशाही र नोकरशाही निरीक्षण, विचार लाद्ने निरीक्षण, व्यक्ति र चाकरी प्रथालाई प्राथमिकता दिने निरीक्षण एवं प्रशासनिक पक्षहरु केलाउने निरीक्षणको स्थानमा अहिले आएर विद्यालय परिवारको स्व.अनुगमन र विद्यालय सुधार गर्ने परिपाटीले बढी मान्यता पाएको उक्त लेखमा अगाडि भनिएको छ, “विद्यालय जीवन सहितको संस्था भएकाले यस भित्रका दृश्य एवम् अदृश्य तत्वहरुको सुधारको लागि दुर सहयोगी संस्था र ती संस्थाहरुबाट पठाइएका निरीक्षण कर्ताहरुबाट वास्तविक समस्या पहिचान र त्यसको समाधान सम्भव छैन भन्ने तथ्य उल्लेख छ ।

कोइराला, (२०५९) का अनुसार विद्यालय निरीक्षकबाट विद्यालय निरीक्षण गर्दा हेर्ने दृष्टिकोण सबै ठाउँ र परिवेश अनुसार एकै प्रकारको छैन । वि.नि. कतिपय आफू शिक्षकभन्दा निकै माथिल्लो दर्जाको कर्मचारी हौँ भन्ने अहमता राख्दछन् भने कतिपय अवस्थामा शिक्षकहरु पनि म भन्दा बढी शक्तिका छन् की भनि शंका गरी उनीहरुको गल्ती देखाउने आँट झिक्दैनन् । त्यस्तै गरी कतिपय विद्यालय निरीक्षकहरु शिक्षकका गल्ती कमजोरी हेर्न वा औल्याँउन चाहँदैनन् । यस्तै विद्यालय निरीक्षकका तर्फबाट गरिने सुपरिवेक्षणमा पनि एकरुपता भेटिदैन किनकी कमजोरी समान प्रकृतिको भएता पनि एकै प्रकारबाट औल्याएर सुधार गर्ने काम उनीहरुबाट हुँदैन ।

शर्मा, (२०६१) का अनुसार शैक्षिक गुणस्तर वृद्धि गर्न सहभागितामुलक सुपरिवेक्षण एक प्राविधिक कार्य हो र शिक्षण क्रियाकलापको प्राविधिक रुपबाट सुपरिवेक्षण गर्नुलाई शैक्षणिक सुपरिवेक्षण भनिन्छ। शिक्षक एवं प्रधानाध्यापकहरुको विकास गर्न व्यवस्थापन समितीलाई  विद्यालय प्रति बढी जिम्मेवार बनाउन, शिक्षाको राष्ट्रिय उद्देश्य अनुरुप शैक्षिक गुणस्तर कायम गर्न सहयोग पुऱ्याउनुलाई शैक्षणिक सुपरिवेक्षणको प्रमुख उद्देश्य मानिन्छ। सुपरिवेक्षणको प्रमुख उद्देश्य विद्यालयको शैक्षिक वातावरण र शिक्षकहरुको कक्षा शिक्षणमा प्रभावकारीता ल्याउनु हो।

काफ्ले, सिन्हा र श्रेष्ठ (२०६२) का अनुसार कुनै पनि शिक्षकको सुपरिवेक्षण कति निकट वा टाढा रहेर गर्ने हो सो सम्बन्धमा विशेष ख्याल गर्नुपर्दछ। विद्यालय निरीक्षक र शिक्षकबीच घनिष्टता, पृष्ठभूमि, तालिम अनुभव, आम्दानीबाट पनि निकट निरीक्षण कार्य प्रभावित हुने गर्दछ। आफूभन्दा तल्लो तहको निरीक्षण गर्दा आफू बढी समर्थवान ठान्ने, शिक्षकको धारणा सोचाई प्रवृत्तिलाई होच्याउने मनसायले पनि यस प्रक्रियामा प्रभाव पार्दछ। भौतिक अवस्थिति, संगठनको संरचना, लक्ष्य, उद्देश्य आदिले पनि निरीक्षण कार्य प्रभावित हुन्छ। सकेसम्म निरीक्षकले निकट निरीक्षण कार्यलाई बढावा दिनु  उपयुक्त मानिन्छ।

धिताल, (२०५९) का अनुसार विद्यालय समाजको अभिन्न अंग हो भने निरीक्षण विद्यालयको एक सहायक हो। विद्यालय र निरीक्षण वीच सामाजिक अन्तक्रिया हुन्छ, जस्तो शिक्षक-निरीक्षक, निरीक्षक-विद्यार्थी, निरीक्षक-अभिभावक, स्रोत व्यक्ति-प्र.अ. वीच जसको उद्देश्य शैक्षिक सुधारमा मात्र सिमित हुन्छन् निरीक्षणमा अन्तक्रियाको महत्वपूर्ण स्थान रहेको हुन्छ त्यसैगरी सहभागिता र संचारको पनि उत्तीकै भूमिका रहेको हुन्छ। किनकी निरीक्षणको प्रमुख जिम्मेवारी नै के-हो भने शिक्षकसँग शैक्षिक सुधारका सम्बन्धमा अर्न्तक्रिया गर्नु, शिक्षकहरुको सहभागिता जुटाउनु र शिक्षकहरुसँग संचार कायम गर्नु हो। निरीक्षणको उद्देश्य शिक्षकहरुको व्यवसायिक दक्षता विकासमा सघाउ पुऱ्याउनु हो। यस अन्तर्गत शिक्षकहरुको गोष्ठी, कार्यशाला, स्वअध्ययन, सम्मेलन, तालिम, अवलोकन भ्रमणका माध्यमद्वारा शिक्षकहरुको व्यवसायिक दक्षता तथा ज्ञान हासिल गर्ने वातावरण सृजना हुन्छ।

मैनाली, (२०६५) का अनुसार शिक्षा प्रशासनको कहिल्यै मुख नदेखेका ग्रामिण शिक्षकका लागि गुनासो पोख्ने एउटै व्यक्ति वि.नि. हुन्छ तर आँफै गुनासो सुनिदिने निकायको खोजीमा रहन्छ।

जिल्ला शिक्षा कार्यालय तथा स्रोतकेन्द्रलाई आवश्यक मात्रामा स्रोत र साधनले पूर्ण बनाउन नसक्दा, विद्यालयको व्यवस्थापनमा दलगत राजनीति हुँदा शिक्षकमा सिक्ने र सिकाउने कुरा लागु गर्ने चाहना नहुँदा, शिक्षकहरु आफ्नो कामप्रति जिम्मेवार नवनीदिँदा, फिल्डमा सिकेका कुरा पाठका आधारमा नीति नफेरिदा र अभिभावक आफ्ना छोराछोरीको शिक्षाप्रति सचेत नबन्दा नेपालका सार्वजनिक विद्यालयमा शिक्षाको स्थिति बेहाल भएको अवस्था दर्शाउनु भएको पाइन्छ ।

विद्यालय सुपरिवेक्षण स्रोत सामग्री, (२०६२) का अनुसार एउटा सफल सुपरिवेक्षकले जहिले पनि दोहोरो संचार पद्धति प्रयोग गर्नुका साथै निरीक्षण कार्य पनि सफल नेतृत्व निर्माण गर्ने प्रकृतिको अपनाउनु पर्दछ । सुपरिवेक्षकले शिक्षकमा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउने प्रयाप्त अवसर प्रदान गर्न सक्नुपर्दछ । निरीक्षकले शिक्षकको योग्यता, दक्षता, प्रतिभा र क्षमतालाई चिन्न सक्नुपर्दछ, बुझ्न सक्नुपर्दछ, पहिल्याउन सक्नुपर्दछ र उपयुक्त स्तरको प्रोत्साहन, प्रेरणा र अवसर दिएर सिर्जनात्मक प्रतिभाको कदर गर्नुपर्छ । यसरी शिक्षकले गर्न लागेको राम्रो काममा प्रेरणा, हौसला, प्राथमिकतामा सहयोग गर्नु निरीक्षकको परम कर्तव्य हो । समय र परिस्थिति अनुसार शिक्षकको मनोभावना बढाउने क्रियाकलाप गराउनु शैक्षिक सुपरिवेक्षणको महत्वपूर्ण कार्य हो ।

भण्डारी, (२०५९) का अनुसार अधिकांश अविकसीत मुलुकहरुमा न्यून शैक्षिक योग्यता भएता शिक्षकहरु रहनु, उनीहरुको पेशागत अनुभव सरदर ९ बर्ष भन्दा कम हुनु र धेरै शिक्षक आफ्नो पेशामा सक्षम नरहेको पाइन्छ । हाइटी, नेपाल र यमनमा गरेको सर्वेक्षणको आधारमा नेपालमा करीब ८% शिक्षकमात्र पेशाप्रति प्रतिवद्ध रहेको भेटियो । यो विशेष रुपमा न्यून सुपरिवेक्षणको प्रभाव हो । नेपालको सन्दर्भमा विभिन्न समुदायका अभिभावकको एउटै संयुक्त आवाज निस्कन्छ त्यो हो शिक्षकको अनुपस्थिति । यसको मूलकारण पनि उपयुक्त समयमा विद्यालय सुपरिवेक्षण नहुनु हो । केही गरी विद्यालय निरीक्षक, विद्यालय सुपरिवेक्षणमा पुगेका बखत शिक्षकको अनियमितता सम्बन्धमा टिप्पणी उठाएमा शिक्षकका मञ्चले त्यसको खबरदारी लगाउँदछन् जुन कार्यले शिक्षकका गल्ती ढाक छोप मात्र हुन्छन् भन्ने तथ्याङ्क पेश गरेको पाइन्छ ।

लम्साल, (२०६६) का अनुसार सुपरिवेक्षण वा सल्लाह विना शैक्षिक विकास असम्भव हुन्छ । अभिभावक, सरकार, एवम् विद्यार्थी र शिक्षकको लगानीलाई सफल बनाउनको लागि

सुपरिवेक्षण नभई नहुने कार्य हो । शैक्षिक सुपरिवेक्षणको अति महत्वपूर्ण जिम्मेवार कर्मचारी, प्र.अ.हरुमा समयसापेक्ष हुनुपर्ने योग्यता, अनुभव र क्षमताको कमीले गर्दा शैक्षिक सुपरिवेक्षण ओझेलमा परेको हुन्छ । त्यस क्षेत्रमा पनि विषेश कदम चाली उनीहरुको सीपक्षमतामा वृद्धि गर्नुपर्ने देखिन्छ । विद्यालयको शैक्षिक क्रियाकलापलाई उद्देश्यमुखी बनाउन निरीक्षण र सुपरिवेक्षण कार्यको निरन्तरताले महत्वपूर्ण भूमिका खेल्नेहुदाँ विद्यालयहरुमा नियमित रुपमा सुपरिवेक्षण गराउन उचित मानवीय वातावरणीय संयन्त्रको विकास गराउनुपर्दछ । निरीक्षण र अनुगमन कसैलाई कारवाही गर्ने साधनको रुपमा प्रयोग नगरी समग्र शैक्षिक प्रणालीलाई सुधार गर्ने संयन्त्रको रुपमा प्रयोग गर्ने व्यवस्था हुनुपर्दछ । शिक्षा र सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाउन शिक्षण संस्थाहरु राजनैतिक प्रभावबाट अलग रहनुपर्ने सुझाव दिएका छन् ।

यस अध्ययनमा वि.नि. ⁄ स्रोतव्यक्ति,प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षकहरुको सहभागिता हुँदो रहेछ । यसमा वि.नि ⁄ स्रोतव्यक्तिहरुले शिक्षकहरुलाई कमजोर र सानो सम्झि डर, त्रास दिने र अवलोकन पश्चात पृष्ठपोषण र प्रोत्साहन नदिने रहेछन् । शिक्षकहरुले पनि वि.नि ⁄ स्रोतव्यक्तिहरुलाई ठुलो सम्झने र आफ्ना समस्याहरु राख्न डराउने प्रवृत्ति रहेछफ्ना समस्याहरु राख्न डराउने प्रवृत्ति रहेछ । यसो भएमा शैक्षिक गुणस्तर वृद्धि हुन सक्दैन । शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षक-शिक्षक बीच, शिक्षक-विद्यार्थी बीच, शिक्षक-प्र.अ. बीच, शिक्षक-वि.नि ⁄ स्रोतव्यक्तिबीच सहकार्य, सहयोगात्मक भावनाको विकास, दक्षता र क्षमताको अनुसरण गरी अगाडि बढेमा पक्कै पनि शैक्षिक गुणस्तर वृद्धि हुने देखिन्छ । त्यस्तै समय-समयमा शिक्षकहरुलाई तालिम दिने, गोष्ठिहरुको आयोजना गरी शिक्षकहरुलाई उपस्थित गर्नुपर्ने तथ्य सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्रष्ट हुन्छ ।

## २.२ सैद्धान्तिक खाका

मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्तलाई अनेकन्वादी सिद्धान्त पनि भनिन्छ । यसको प्रतिपादन अमेरिकी मनोवैज्ञानिक अब्राहम् मास्लोले सन् १९४३ मा गरेका हुन् । आवश्यकता विना मानिस कुनैपनि काम गर्न क्रियाशिल हुँदैन । मानिसमा प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । त्यसको परिपूर्ति पश्चात पनि अन्य थप इच्छा, आवश्यकता र चाहना भइरहन्छन् । मानिसका कुनै चाहना पुरा हुन सक्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन जुन

प्राप्तिको लागि मानिस उत्तप्रेरित भैरहन्छ । मानिसका अप्राप्त चाहना पनि अनगिन्ती हुन्छन् जसलाई एक निश्चित क्रमबद्धताको आधारमा छुट्याउन  सकिन्छ । निम्न स्तरको धेरै आवश्यकताहरु परिपूर्ति पछि प्राथमिकताको आधारमा उच्च स्तरका आवश्यकता परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदै जान्छन् भन्ने धारणा मास्लोले उल्लेख गरेका छन् ।

सिद्धान्त एउटा जटिल कुरा हो । यो जटिल हुनुका कारण सैद्धान्तिक मात्र हुनु र व्यवहारमा नल्याउनु हो । यसमा व्यवहारमा ल्याउने प्रशस्त ज्ञान, क्षमता र दक्षताको आवश्यकता पर्दछ । सो नभए सिद्धान्त भनेको कल्पनाको समूह हो । जसबाट नियम कानुनहरु बनाइन्छ तर सिद्धान्त कानुन होइन । सिद्धान्तलाई सिधै प्रयोगद्धारा प्रमाणित गर्न सकिदैन । हालसम्म विभिन्न सिद्धान्तहरु प्रतिपादित भैसकेका छन् । तर यस शीर्षकसँग प्रत्यक्ष सम्बन्ध राख्ने पूर्व स्वीकृत सिद्धान्तहरुको सिमीतता पाइएका छन् । शिक्षा समाजको गतिशिल पक्ष हो तर समाजको परिवेश भन्दा बाहिर शिक्षाको कुनै पनि अस्तित्व हुदैन । त्यसैले शिक्षा समाजको घनिष्ट सम्बन्ध भएको कुरा स्वीकार्नै पर्दछ ।

मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्त (१९४३) मा मानिसहरु आवश्यकताको श्रृङखलाबाट अभिप्रेरित हुने कुरा छ । मानिसहरुमा प्रसस्त इच्छा, चाहना हुन्छन् । त्यसको पूरा भएपछि पनि अन्य इच्छा,चाहना थप भैरहन्छन । मानिसको चाहना र आवश्यकताको पूर्णता कहिल्यै हुदैन तर कुनै चाहना पूरा हुन सक्छन् । सहभागितामूलक सुपरिवेक्षणमा पनि सुपरिवेक्षकहरुका प्रशस्त इच्छा, चाहनाहरु हुन्छन्  ती इच्छा चाहनाहरुलाई मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्तसँग जोडिएर अध्ययन गरिएको छ । मास्लोको श्रृङ्खलाबद्ध आवश्यकताहरु निम्न अनुसार रहेको छ ।

शारीरिक आवश्यकता,सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता र  आत्मसन्तुष्टिको आवश्यकतामा विभाजन गरेको पाइन्छ ।

जीवनको लागि आवश्यक पर्ने गास, बास, कपास, शिक्षा, स्वास्थ्य जस्ता कुराहरु सुपरिवेक्षकको शारीरिक आवश्यकता अन्तर्गत पर्दछन् जुन मानिस बाँच्नका लागि नभई हुदैन । शारीरिक आवश्यकताको परिपूर्ति पश्चात मात्र सुपरिवेक्षकहरु अन्य आवश्यकताहरुको परिपूर्ति तर्फ क्रमशः प्रेरित हुँदै जान्छन् (कोइराला र श्रेष्ठ, २०६३) ।

मास्लोले सुपरिवेक्षकहरु आवश्यकताको श्रृङ्खलाबाट प्रेरित हुने कुरा उल्लेख गरेको पाइन्छ । मास्लोको अभिप्रेरणाको सिद्धान्तलाई सहभागितामूलक सुपरिवेक्षणका क्षेत्रमा पनि उपयुक्त रुपमा प्रयोग गरी अगाडि बढ्न सकेमा शैक्षिक गुणस्तर बृद्धिमा सकारात्मक प्रभाव पर्ने आशा एवं विश्वासका साथ यस अध्ययनलाई पनि मास्लोको अभिप्रेरणाको सिद्धान्तका खाकाबाट अगाडि बढाउने प्रयास गरिएको छ । मानव जीवनका लागि आवश्यक रुपमा चाहिने हावा, पानी, खाना, कपडा, बास जस्ता कुराहरु आधारभूत/शारीरिक आवश्यकता अन्तर्गत पर्दछन् । त्यसरी नै सहभागितामूलक सुपरिवेक्षणमा पनि वि.नि./स्रोतव्यक्ति, प्र.अ. लगायत सवैको आवश्यकता पुरा भएको छन् कि छैनन् भन्ने ख्याल सम्बन्धित निकायले गर्नुपर्दछ । यदि उनीहरुको आवश्यकता पूरा गरेमा उनीहरु पनि एक आपसमा सरसल्लाह र विद्यालय अनुगमन गरी शिक्षकसँग परामर्श लिएर आफ्नो काम, कर्तव्य पूरा गर्न सक्दछन् र शैक्षिक गुणस्तर बृद्धि हुन्छ ।

शारीरिक आवश्यकताको परिपूर्ति पश्चात मानिस सुरक्षात्मक आवश्यकता तर्फ प्रेरित हुन्छ र विभिन्न किसिमका आर्थिक, मानसिक र शारीरिक सङ्कट एवं असुरक्षाबाट बच्न चाहन्छ र ऊ आर्थिक एवं भौतिक रुपबाट सुरक्षित रहने वातावरणको खोजिमा रहन्छ । सहभागितामूलक सुपरिवेक्षणमा पनि सुपरिवेक्षकहरु आम मानिस भन्दा फरक हुन सक्दैन । उनीहरुले आफू कार्यरत कार्य एवं पदको सुरक्षा तथा स्थायित्वको चाहना राखेका हुन्छन् । जि.शि.का, क्षे.शि.नि, शिक्षा विभागले सहभागितामूलक सुपरिवेक्षकहरुको सुरक्षा गरेमा मात्र उनीहरु सहभागि भई सहमति र सहकार्य गर्दै विद्यालय अनुगमन गरी त्यसमा सुधार गर्दछन् । तवमात्र शैक्षिक गुणस्तर बृद्धि गराउन सकिन्छ ।

शारीरिक र सुरक्षात्मक आवश्यकताको परिपूर्ति पश्चात व्यक्ति सामाजिक आवश्यकता तर्फ प्रेरित हुन्छ । सामाजिक संलग्नता र मान्यता बढाउने, सामाजिक समायोजन, अपनत्व, मित्रवत व्यवहार जस्ता कुराले उसलाई प्रेरित गर्दछ । सहभागितामूलक सुपरिवेक्षकहरुलाई पनि समाजमा आफ्नो पहिचान बनाउने, सामाजिक समायोजन गर्ने, अपनत्व बढाउने जस्ता कार्यतर्फ सम्बन्धित निकायले अग्रसर गराउनु पर्नेहुन्छ र उनीहरुको अग्रसरतामा साथ दिइएको खण्डमा उनीहरु अगाडि बढी छलफल र परामर्श गरी विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण गर्दछन् र विद्यालयमा शैक्षिक गुणस्तर बृद्धि गर्न सकिन्छ ।

सामाजिक आवश्यकता परिपूर्ति पश्चात स्वाभिमानको खोजिमा व्यक्ति लागि पर्दछ । आफ्नो मानसम्मान, स्वाभिमान, पहिचान, कार्यसफलता, आत्मसम्मान एवं सामाजिक प्रतिष्ठाको आवश्यकता महसुस गर्दछ । यस अन्तर्गत सहभागितामूलक सुपरिवेक्षकहरुको कार्यमा सम्बन्धित निकायद्वारा मूल्याङ्कन गरेर पुरस्कार, प्रोत्साहन, प्रशंसा प्रदान गराउनु पर्दछ । यसो भएमा सहभागितामूलक सुपरिवेक्षकहरु कार्यप्रति उत्प्रेरित हुन्छन् । फलस्वरुप विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न सकिन्छ ।

स्वाभिमानको आवश्यकता परिपूर्ति पश्चात व्यक्ति आत्मसन्तुष्टिको आवश्यकता तर्फ प्रेरित हुन्छ । यस अन्तर्गत व्यक्ति आत्मसन्तुष्टि, आत्मगौरव, आत्मबोध आदिको चाहना राख्दछ । प्रत्येक व्यक्तिमा व्यक्तिगत भिन्नता हुने भएता पनि कसैले तलव बृद्धि हुँदा, कसैले पुरस्कार पाउँदा, सफल हुँदा, बढुवा हुँदा तथा नयाँनयाँ रचनात्मक कार्य गर्न पाउँदा आत्मसन्तुष्टीको अनुभव गर्न सक्दछन् । त्यस्तै सहभागितामूलक सुपरिवेक्षणमा सुपरिवेक्षकहरुका मनोभावना बुझेर आत्मसन्तुष्टीको उपायहरु अपनाएर उनीहरुलाई कार्यप्रति उत्प्रेरित गर्न सकेमा उनीहरु विद्यालयमा नियमित रुपमा समूहमा मिलेर सुपरिवेक्षण गरी विद्यालयमा विद्यमान, शिक्षक, विद्यार्थी, अभिभावक तथा सम्बन्धित पक्षका कमिकमजोरी पत्ता लगाई सुधार गराउन सक्छन् । जसको फलस्वरुप विद्यालयमा शैक्षिक गुणस्तर बृद्धि निश्चित हुने कुरालाई मास्लोको यस सिद्धान्तले पुष्टि गर्दछ । तसर्थ यस अध्ययनलाई पुष्टि गर्न मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्तलाई अध्ययनको सैद्धान्तिक खाकाको रुपमा छनोट गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

सहभागितामूलक सुपरिवेक्षकले आफ्नो काम, कर्तव्य र जिम्मेवारीलाई सक्रिय रुपमा निर्वाह गर्न सकेमा विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने कुरामा शंका रहँदैन भन्ने कुरालाई सम्बन्धित साहित्यको पुनरावलोकनको  अध्ययनले प्रष्ट पार्न सहयोग गरेको छ । यस सम्बन्धित साहित्यको पुनरावलोकनबाट अनुसन्धानकर्तालाई वि.नि. ⁄ स्रोतव्यक्ति र प्र.अ. को भूमिका साथै काम, कर्तव्य र अधिकार सम्बन्धी जानकारी र अध्ययनलाई गुणात्मक र विश्लेषणात्मक अध्ययन गर्न सजिलो पारेको छ ।

सम्बन्धित साहित्यको पुनरावलोकनबाट अध्ययनकर्तालाई अध्ययनको सैद्धान्तिक खाका निर्माण गर्न, अध्ययनको विधि छनौट गर्न, अध्ययनका साधनहरुको निर्माण र प्रयोग गर्न तथा यस विषयमा अहिले सम्म भएका खोज तथा प्रगतिहरुको आधारमा यस अध्ययनलाई निश्चित दिशामा अगाडि बढाउन सहयोग पुगको छ । त्यस्तै सिद्धान्त चयन गर्न, सैद्धान्तिक विचलन रोक्न अध्ययनलाई वृहत्तर हुनबाट जोगाउन सहयोग पुगेको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

अनुसन्धान सफलतापूर्वक पूरा गर्न उचित तरिकाबाट कार्य अगाडि बढाउनुपर्दछ । यस अनुसन्धान कार्यमा तोकिएको उद्देश्य पूरा गर्न निश्चित तरिका अपनाई अध्ययन कार्य अगाडि बढाइएको छ । विशेषतः अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति, जनसंख्या नमूना छनौट, तथ्याङ्क संकलनका साधन, तथ्याङ्कको व्याख्या र विश्लेषण प्रकृयालाई यस परिच्छेदमा समेटिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

कुनै पनि अनुसन्धान व्यवस्थित रुपमा संचालन गर्नुभन्दा अगाडि तयार पारिने योजना र पूर्वनिर्धारित स्वरुपलाई अनुसन्धान ढाँचा भनिन्छ (खनाल, २०६२) । विद्यालय सर्वेक्षणबाट प्राप्त सूचना, तथ्याङ्कको व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुग्न अनुसन्धानका लागि निश्चित योजना रणनितिको आवश्यकता पर्दछ ।

यो अनुसन्धान ढाँचा गुणात्मक अनुसन्धानको रुपमा गरिएको छ । यस अध्ययनमा राखिएको चारैवटा उद्देश्यहरु पूरा गर्नका लागि प्रश्नावलीको आधारमा तथ्याङ्कहरु संकलन गरेर त्यसलाई मानवीय साधनद्वारा नै व्याख्या विश्लेषण गरिएको हुनाले यो अनुसन्धान गुणात्मक ढाँचमा आधारित छ ।

## ३.२. जनसंख्या र नमूना छनौट

समग्र सबै एकाइहरुको नमूनामा छनौट हुने सम्भावना रहदैन । अनुसन्धानकर्तालाई समग्र मध्ये कुन एकाइ नमूना छनौटका लागि उपयुक्त हो भन्ने लाग्छ त्यो नै एकाइलाई नमूनाका लागि छनौट गर्छ भने त्यस्तो नमूना छनौटलाई सम्भावनारहित नमूना छनौट भनिन्छ (दाहाल र खतिवडा २०५८) । यो अध्ययन गुणात्मक भएकोले अनुसन्धानका लागि

पनि सम्भावनारहित नमूना छनौट विधि अन्तर्गतको उद्देश्यमूलक नमूना छनौट विधिको आधारमा विद्यालयको छनौट गरिएको छ ।

अनुसन्धानकर्ताले आर्थिक अवस्था र समयको उपलब्धतता, मानवीय-संसाधनको उपलब्धतता जस्ता कुराहरुलाई मध्यनजर गरी अध्ययनको क्षेत्र छानिएको छ । यस अध्ययन चितवन जिल्ला भित्रका १३ वटा स्रोतकेन्द्र अन्तर्गत ४ वटा स्रोतकेन्द्र छनौट गरी उक्त स्रोतकेन्द्र भित्र १/१ वटा पर्ने गरी जम्मा ४ वटा विद्यालय छनौट गरिएको छ । जसमा भण्डारा स्रोतकेन्द्र अन्तर्गत भण्डारा उ.मा.वि. भण्डारा, खैरहनी स्रोत केन्द्र अन्तर्गत वीरेन्द्र आदर्श उ.मा.वि. वीरेन्द्रनगर, पिठुवा स्रोत केन्द्र अन्तर्गत जनजीवन उ.मा.वि., चैनपूर र भुवानी स्रोतकेन्द्र अन्तर्गत कपिया उ.मा.वि. कुमरोज रहेका छन् । छनौटमा परेका ४ वटा सामुदायिक विद्यालयका प्र.अ. ४ जना, वि.नि. ४ जना, स्रोत व्यक्ति ४ जना र प्रत्येक विद्यालयबाट ५/५ जनाका दरले १६ शिक्षक गरी जम्मा ३२ जनालाई यस अध्ययनमा नमुनाको रुपमा छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरु

अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क तथा जानकारीहरु प्राप्त गर्नका लागि प्राथमिक र द्वितीय स्रोतको परिचालन गरिएको छ ।

### क) प्राथमिक तथ्याङ्कका स्रोतहरुः-

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनका साधन प्रश्नावलीलाई लिइएको छ । छनौटमा परेका विद्यालयहरुमा उपस्थित भई त्यँहाका प्र.अ. एवं शिक्षकहरुलाई भेटी अनुसूचि २ अनुसार एकै किसिमको प्रश्नावली भराई प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । छनौटमा परेका विद्यालयहरुका वि.नि. लाई शिक्षा कार्यालय भरतपुरमा र स्रोतव्यक्तिहरुलाई स्रोतकेन्द्रमा भेटि अनुसूची १ अनुसारको एउटै किसिमको प्रश्नावली भराई तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै आवश्यकता अनुसार वि.नि./स्रोतव्यक्ति, प्र.अ. र शिक्षकहरुसँग पनि अन्तर्वार्ताबाट तथ्याङ्क लिने काम पनि गरिएको छ ।

**ख) द्वितीय तथ्याङ्कका स्रोतहरुः-**

यस अध्ययनमा अनुसन्धानकर्ताले द्वितीय तथ्याङ्कको स्रोतको रुपमा दस्तावेज अध्ययनलाई लिएको छ । छनौटमा परेका विद्यालयहरु, स्रोतकेन्द्रहरुमा गई त्यहाँ भएका अभिलेख, लेख, रचना, साहित्य र माइनुटहरु अध्ययन गरी त्यसबाट प्राप्त तथ्याङ्कहरुलाई अनुसन्धानमा उपयोग गरिएको छ । त्यस्तै विद्यालयको अभिलेख (सम्बन्धित विद्यालयको दुई वर्षको एस्.एल्.सी. नतिजा, सुपरिवेक्षण पुस्तिका) लाई आधार लिइएको छ ।

## ३.४. तथ्याङ्क संकलनको साधनहरु

यस अनुसन्धानका निर्धारित चारैवटा उद्देश्य पूरा गर्नका लागि प्रश्नावली प्रयोग गरिएको छ । उक्त प्रश्नावलीको प्रयोग गरेर अनुसन्धानका लागि प्राथमिक तथ्याङ्कहरु संकलन गर्ने कार्य गरिएको छ । वि.नि., स्रोत व्यक्तिका लागि एउटै र शिक्षक, प्र.अ. का लागि अलग प्रश्नावली तयार गरी (अनुसूची १ र २) अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

द्वितीय तथ्याङ्क संकलनका लागि यस विषयसँग सम्बन्धित शैक्षिक लेख, रचना साथै छनौटमा परेका विद्यालयको अभिलेख तथा विशेषज्ञहरुको रायसल्लाह, सुझावलाई आधार बनाइएको छ । प्रश्नावलीको वैधता कायम गर्न शोध निर्देशकको निर्देशन अनुसार थप घट गरिएको छ ।

## तालिका १

## साधन र प्राथमिकताको क्षेत्र

| उद्देश्य | साधनको नाम | उत्तरदाता | प्राथमिकताको क्षेत्र |
|---|---|---|---|
| क)विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणको वर्तमान स्थितिको विश्लेषण । | प्रश्नावली | वि.नि, स्रोतव्यक्ति, प्र.अ., शिक्षक | सहभागितामुलक सुपरिवेक्षणमा नियमितता, विषयगत उपसमितिद्वारा सुपरिवेक्षण, वि.नि. स्रोतव्यक्तिद्वारा सुपरिवेक्षण, पृष्ठपोषणको रुपमा सुपरिवेक्षणको प्रयोग, विषयगत शिक्षक भेला र परामर्श, स्रोत केन्द्र स्तरीय प्र.अ. बैठक, स्रोत केन्द्रको भूमिका । |
| ख) शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षणको आवश्यकता | प्रश्नावली | वि.नि.,स्रोतव्यक्ति, प्र.अ., शिक्षक | शिक्षण सकाई, सहकार्य र सहयोगात्मक भावनको विकास, दक्षता र क्षमताको अनुशरण, स्रोत र साधनको अधिकतम उपयोग र समूहमा कार्य गर्ने भावनाको विकास । |
| ग)विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण कार्यान्वनका चुनौती | प्रश्नावली | वि.नि., स्रोतव्यक्ति, प्र.अ., वि.व्य.स. अध्यक्ष | तालिम, शिक्षा क्षेत्रमा राजनैतिक प्रभाव, विद्यालय सङ्ख्याको अनुपातमा वि.नि. दरबन्दी, सेवासुविधा, संचार, प्रशासनिक कार्य । |
| घ)विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण प्रभावकारी बनाउन आवश्यक विकल्पहरु | प्रश्नावली | वि.नि., स्रोतव्यक्ति, प्र.अ., वि.व्य.स. अध्यक्ष | तालिमको व्यवस्था, राजनैतिक हस्तक्षेप, वि.नि. दरबन्दी, अधिकार प्रत्यायोजन, सुविधा, बैठक, प्र.अ.को कार्यबोझ, निरीक्षण । |

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलनमा प्राथमिक तथ्याङ्क संकलनका लागि अध्ययनमा छनौट भएका सम्बन्धित विद्यालयमा गई अध्ययनका लागि छनौटमा परेका व्यक्तिहरु वि.नि. ⁄ स्रोतव्यक्ति, प्र.अ., शिक्षकहरुलाई प्रत्यक्ष भेटि प्रश्नावली भराई (अनुसूचि १ र २) अनुसार तथ्याङ्क संकलन गर्ने कार्य गरिएको छ । खुला प्रश्नावली प्रयोग गरी आफ्नो राय व्यक्त गर्नका लागि त्यसै प्रश्नावलीमा नै खाली ठाउँ छुट्याइएको छ । त्यस्तै वि.नि. ⁄ स्रोतव्यक्ति, प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्षसँग प्रत्यक्ष भेटी तथ्याङ्क संकलन गरिएको छ । द्वितीय तथ्याङ्क भने सम्बन्धित विषयका शोधपत्र, लेख, रचना, आयोगका प्रतिवेदनहरुको अध्ययनबाट तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै छनौटमा परेका विद्यालयहरुको अभिलेख, दस्तावेज अध्ययन र माइनुटहरुको अध्ययनबाट पनि तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस अध्ययनमा संकलित कोरा तथ्याङ्कहरु अव्यवस्थित जटिल र असंगठित हुन्छन् । ती तथ्याङ्कहरुको अर्थपूर्ण विश्लेषण विधिहरु पनि फरक हुन्छन् । यहाँ अध्ययन गर्न लागिएको विषय गुणात्मक पद्धतिको भएकोले प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त गरिएको कोरा तथ्याङ्कलाई वर्णनात्मक तरीकाले उद्देश्य बमोजिम काटँछाँट गरी अर्थपूर्ण बनाई व्याख्या विश्लेषण गरिएको छ । यसरी अध्ययनलाई निष्कर्षमा पुर्‍याउन पूर्ण रुपमा गुणात्मक अनुसन्धान ढाँचा बमोजिम तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण नामक यस शोध अध्ययन चितवन जिल्ला भित्रका १३ वटा स्रोतकेन्द्र अन्तर्गत ४ वटा स्रोतकेन्द्र छनौट गरी उक्त स्रोतकेन्द्र अन्तर्गतका ४ वटा विद्यालयहरुका प्र.अ., शिक्षक, वि.नि./स्रोतव्यक्ति गरी जम्मा ३२ जनाबाट प्रश्नावलीको आधारमा प्राप्त सूचना तथा तथ्याङ्कलाई उद्देश्य बमोजिम निम्नानुसार शीर्षकमा विभाजन गरी गुणात्मक रुपमा व्याख्या एवं विश्लेषण गरिएको छ ।

## ४.१. विद्यालयमा सहभागितामूलक सपरिवेक्षणको वर्तमान स्थितिको विश्लेषण

अनुसन्धानका क्रममा सहभागितामूलक सुपरिवेक्षणको वर्तमान स्थितिको विश्लेषण गर्ने उद्देश्यका साथ नमूना छनौटमा परेका विद्यालयहरुका वि.नि/स्रोतव्यक्ति, प्र.अ. तथा शिक्षकहरुलाई क्रमशः (अनुसूची १ र २) अनुसारको प्रश्नावली प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको छ । उक्त साधनको प्रयोगबाट प्राप्त तथ्याङ्कलाई व्याख्यात्मक शैलीमा उद्देश्य बमोजिम निम्न उपशीर्षकहरुमा रहेर व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१ सहभागितामूलक सुपरिवेक्षणमा नियमितता

शिक्षा नियमावली (२०५९) तथा निरीक्षणालय निर्देशिकामा विद्यालयहरुको सहभागितामूलक सुपरिवेक्षण नियमित रुपमा गर्नुपर्ने भनिएको भएता पनि यस नमूना छनौटमा परेका ४ वटा स्रोतकेन्द्र अन्तर्गतको ४ विद्यालयको वर्तमान स्थितिको सुपरिवेक्षणमा नियमितता हुनुपर्ने सम्बन्धमा ५० प्रतिशत प्र.अ., वि.नि/स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष र २५ प्रतिशत शिक्षकहरुबाट सकरात्मक धारणा दिइएको पाइयो ।

त्यस्तै ५० प्रतिशत प्र.अ., वि.नि./स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष र ७५ प्रतिशत शिक्षकहरुबाट नकारात्मक धारणा दिएको पाइयो । प्र.अ.हरुको अनुसार आफ्नो विषय शिक्षण वा पिरियड भएको प्रशासनिक कार्यबोझ बढी भएको, वि.नि/स्रोतव्यक्तिहरु पनि नियमित रुपमा विद्यालयमा

उपस्थित नभएकोले सुपरिवेक्षणमा नियमितता नरहेको प्रतिक्रिया पाइयो । वि.नि/स्रोतव्यक्तिहरुका अनुसार हेर्नुपर्ने विद्यालय बढी भएको र यातायातको सुविधा नभएर नियमित रुपमा समयमानै विद्यालयमा उपस्थित हुन नसकेको हुनाले सुपरिवेक्षणमा नियमितता नभएको प्रतिक्रिया पाइयो । वि.व्य.स. अध्यक्षहरुका अनुसार सुपरिवेक्षण सम्बन्धि जिम्मेवारी वि.नि/स्रोतव्यक्ति, प्र.अ. को हो । सुपरिवेक्षणमा उनीहरुको ज्ञान, सीप, दक्षता र क्षमता हुन्छ । वि.व्य.स. को सुपरिवेक्षण सम्बन्धमा ज्ञान, सीप र योग्यतामा कमी हुने भएकोले सुपरिवेक्षणमा नियमितता नभएको प्रतिक्रिया पाइयो । शिक्षकहरुका अनुसार प्र.अ. हरु बढी मात्रामा स्रोत केन्द्र र जि.शि.का. मा गईरहने, वि.नि./स्रोतव्यक्तिहरु विद्यालयमा नियमित उपस्थित नहुने कारणले सुपरिवेक्षणमा नियमितता नभएको धारणा पाइयो । छनौटमा परेका ४ वटा विद्यालयहरुको विद्यालय बैठक पुस्तिका अध्ययन गर्दा सम्बन्धित विद्यालयहरुका प्र.अ.हरुबाट विद्यालयको विभिन्न किसिमको बैठकहरुमा वि.नि. /स्रोतव्यक्तिहरुको उपस्थिति ३० प्रतिशत रहेको प्रतिक्रिया पाइयो । अभिभावकहरुको विद्यालयमा उपस्थिति विभिन्न शीर्षकहरु जस्तै शिक्षक अभिभावक संघ, सामाजिक लेखापरीक्षण, वार्षिक उत्सव, भर्ना अभियान जस्ता समयमा उल्लेख्य सहभागिता रहने प्रतिक्रिया प्र.अ. बाट पाइयो । विद्यालयको भर्ना अभियान र संचालन सम्बन्धि नीति-नियम, शिक्षक अभिभावक संघ, स्थानिय समाजसेवी, बुद्धिजीवी, शिक्षकहरुको बैठकबाट निर्धारण गर्ने गरेको पाइयो ।

### ४.१.२ विषयगत उपसमितिद्वारा सुपरिवेक्षण

यस अध्ययनमा छनौटमा परेका ४ वटा स्रोतकेन्द्र अन्तर्गतको ४ वटा विद्यालयहरुमा शिक्षक तथा विषयगत उपसमितिको सम्बन्धमा बुझ्दा प्रत्येक  महिनाको मसान्तमा शिक्षक तथा विषयगत उपसमितिको बैठक बस्ने र सो बैठकमा सहभागितामूलक सुपरिवेक्षणमा माध्यमिक तहको शिक्षकले नि.मा.वि. तहको मिल्ने विषयमा सुपरिवेक्षण गर्ने र नि.मा.वि. तहको शिक्षकहरुले पनि प्रा.वि. तहको शिक्षकहरुको कक्षा अवलोकन गर्ने र प्र.अ., सहायक प्र.अ.ले पनि शैक्षिक गुणस्तर वृद्धि गर्न सबै तहमा अनुगमन गर्ने, साथै विभिन्न विद्यालयमा विषयगत उपसमिति गठन भैसकेको र त्यस्ता उपसमितिहरुले प्रत्येक शिक्षक बैठकमा आफ्नो कार्य विवरण पेश गर्नुपर्ने हुँदा विषयगत उपसमितिका संयोजकहरुद्वारा समेत सहभागितामूलक

सुपरिवेक्षण गर्ने गरेको कुरा छनौटमा परेका विद्यालयहरुका शत प्रतिशत प्र.अहरु, शिक्षकहरुले सकारात्मक प्रतिक्रिया दिएको पाइयो ।

### ४.१.३ विद्यालय व्यवस्थापन समितिद्वारा सुपरिवेक्षण

शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि सहभागितामूलक सुपरिवेक्षण अन्तर्गत छनौटमा परेका सबै विद्यालयहरुमा ३ महिनामा १ चोटी वि.व्य.स र शिक्षक स्टाफबिच अन्तरक्रिया हुने गरेको पाइयो । वि.व्य.सले शिक्षकहरुसँग शैक्षिक गुणस्तर वृद्धि गर्ने सम्बन्धमा धारणा बुझ्ने र नमूना पाठप्रदर्शन तथा तल्लो तहको जग बलियो बनाउनको लागि माथिल्लो तहको विषय मिल्दो शिक्षक र प्रा.वि. तहको शिक्षकलाई एउटै पिरियडमा २ जना शिक्षक राखी सामुहिक अध्ययन गराउने र माथिल्लो तहको शिक्षकहरुलाई खाली पिरीयडमा खटाइएको हुनाले खठाइएका मा.वि. र नि.मा.वि.तहका शिक्षकहरुलाई केही थप पारिश्रमिक पनि दिने गरेको वीरेन्द्र आदर्श उच्च मा.वि.का प्र.अ तथा शिक्षकहरुबाट प्रतिक्रिया पाइयो । अन्य छनौटमा परेको विद्यालयहरुमा भने त्यस्तो व्यवस्था नभएको तर वि.व्य.स ले शिक्षकहरुलाई विभिन्न शीर्षकहरुमा पारिश्रमिकको सुविधा दिएर शिक्षकहरुलाई कामप्रति जागरुक बनाई शैक्षिक गुणस्तर बढाउन प्रयास गरिएको धारणा तीन विद्यालयका ७५ प्रतिशत प्र.अ., शिक्षकहरुबाट प्रतिक्रिया पाइयो ।

### ४.१.४ वि.नि./स्रोतव्यक्तिद्वारा सुपरिवेक्षण

विद्यालयको शैक्षिक गुणस्तर विकास गर्न शिक्षकहरुलाई मागका आधारमा तालिममा सहभागि गराउने, तालिममा सिकेका सीपहरु कक्षाकोठामा प्रभावकारी रुपमा प्रस्तुत गर्ने सम्बन्धमा प्र.अ., वि.व्य.स. अध्यक्ष, रोस्टर शिक्षक सहितको सुपरिवेक्षण समिति गठन गरी पृष्ठपोषण समेत दिने गरेको पाइयो । त्यसैगरी भौतिक पक्षको विकासको लागि विद्यालयमा विभिन्न संघ-संस्था, जि.शि.का. स्थानीय संघ-संस्थाको सहयोगमा भवन, फर्निचर, शैक्षिक सामग्री निर्माण गरी संचालनमा ल्याएको पाइयो । वि.नि/स्रोतव्यक्तिले पनि कक्षा  अवलोकन र सुपरिवेक्षण गर्ने गरेको धारणा पाइयो । साथै वि.नि/स्रोतव्यक्तिहरुबाट विद्यालयको नियमित सुपरिवेक्षण हुने व्यवस्था भैआएकोमा उक्त विद्यालयहरुले वि.नि/स्रोतव्यक्तिलाई आमन्त्रित गरेर सुपरिवेक्षणबाट प्राप्त कुरा बारे सुपरिवेक्षण पश्चात वि.नि./स्रोत व्यक्ति र शिक्षक बीच समस्याको सम्बन्धमा

छलफल हुने र समस्या समाधानका उपायहरु वि.नि. स्रोत व्यक्तिबाट दिने र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरेको धारणा शतप्रतिशत प्र.अ. र शिक्षकहरुबाट पाइयो ।

### ४.१.५ पृष्ठपोषणको रुपमा सुपरिवेक्षणको प्रयोग

विद्यालयमा सहभागितामूलक सुपरिवेक्षकहरुले कक्षा शिक्षण अवलोकन पश्चात शिक्षकहरुसँग अन्तरक्रिया गरी समस्या र कमीकमजोरी हटाउन पृष्ठपोषण समेत उपलब्ध गराउनु पर्नेमा ७५ प्रतिशत प्र.अ., वि.नि. ⁄ स्रोतव्यक्ति, ५० प्रतिशत शिक्षकहरुबाट सकारात्मक धारणा रहेको पाइयो ।

त्यस्तै २५ प्रतिशत प्र.अ., वि.नि. ⁄ स्रोतव्यक्ति, ५० प्रशिशत शिक्षकहरुबाट नकारात्मक धारणा दिएको पाइयो । नकारात्मक धारणा व्यक्त गर्नुहुने प्र.अ.हरुका अनुसार वि.नि. ⁄ स्रोतव्यक्तिहरु शिक्षकहरुसँग कक्षा अवलोकन, अन्तरक्रिया गरेर कमीकमजोरी पत्ता लगाईसकेपछि समाधानका लागि पृष्ठपोषण शिक्षकहरुलाई नदिएको पाइयो । वि.नि. ⁄ स्रोतव्यक्तिहरुका अनुसार कार्यक्षेत्र बढी, प्रशासनिक कार्यबोझ, यातायातको अभावको कारण कक्षा शिक्षण अवलोकन, अन्तरक्रिया पश्चात देखिएका समस्या समाधानको लागि पृष्ठपोषण दिन नसकिएको धारणा दिएको पाइयो । शिक्षकहरुका अनुसार वि.नि ⁄ स्रोतव्यक्तिहरु हामी शिक्षकहरु भन्दा माथिल्लो दर्जाको हो भन्ने घमण्डले गर्दा उनीहरु शिक्षकसँग अवलोकन र अन्तरक्रिया पछि पृष्ठपोषण दिने नगरेको धारणा पाइयो । साथै कक्षा अवलोकन गर्दा देखिएका राम्रा पक्षहरुलाई यथावत राख्दै नराम्रा पक्षहरुमा सुधार गर्दै जाने जस्ता पृष्ठपोषणले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुँदै गएको कुरा भने सम्बन्धित विद्यालयहरुका शतप्रतिशत प्र.अबाट प्रतिक्रिया पाइयो ।

### ४.१.६ विषयगत शिक्षक भेला र परामर्श

शैक्षिक गुणस्तर प्रवर्द्धनमा सहभागितामूलक सुपरिवेक्षणका लागि समय समयमा समूह विद्यालयमा विषय शिक्षकहरुलाई स्रोतकेन्द्रमा भेला गरी विषयगत छलफल गरी उनीहरुलाई आवश्यक परामर्श सेवा प्रदान गर्न जिम्मेवारी विद्यालय सुपरिवेक्षकहरु तोकिएको भएतापनि यस सम्बन्धमा ७५ प्रतिशत प्र.अ., ५० प्रतिशत वि.नि ⁄ स्रोतव्यक्ति, शिक्षकहरुबाट सकारात्मक धारणा दिएको पाइयो ।

त्यस्तै २५ प्रतिशत प्र.अ., ५० प्रतिशत वि.नि/स्रोतव्यक्ति, शिक्षकहरुबाट नकारात्मक धारणा दिएको पाइयो । नकारात्मक धारणा राख्नुहुने प्र.अ.हरुका अनुसार शिक्षकहरुले वि.नि/स्रोतव्यक्तिहरुलाई धेरै जानेका हुन्छन् भन्ने ठानेका हुन्छन् र वि.नि/स्रोतव्यक्तिले शिक्षकहरुले हामी जती जानेका हुदैनन् भन्ने अमहताले गर्दा एक अर्कामा समस्या बताउन डराउने गर्दछन् भन्ने धारणा पाइयो । वि.नि/स्रोतव्यक्तिहरुका अनुसार भेलामा शिक्षकहरु आफ्नो समस्या बताउन डराउने, समस्या बताउँदा आफू कमजोर साबित हुने डरले गर्दा समस्या लुकाउने धारणा रहेको पाइयो । शिक्षकहरुका अनुसार वि.नि/स्रोतव्यक्तिहरु कतिको त हामी शिक्षकहरु भन्दा पनि कम योग्यता र अनुभवका हुन्छन् जसले गर्दा उनीहरुले बढी योग्यता भएको शिक्षकहरुमा परामर्श दिन अप्ठ्यारो भएको प्रतिक्रिया दिएको पाइयो ।

### ४.१.७ स्रोतकेन्द्र स्तरीय प्र.अ. बैठक

स्रोतकेन्द्रमा कम्तीमा महिनाको १ पटक समूह विद्यालयका प्र.अ.हरुको बैठक बसी शैक्षिक तथा विद्यालयमा सञ्चालन गरिने अन्य विविध कार्यक्रमहरुका सम्बन्धमा छलफल गर्ने व्यवस्था गरिएको भएतापनि सहभागितामूलक सुपरिवेक्षणको विषयलाई एजेण्डा बनाएर उक्त बैठकमा छलफल गर्ने वा नगर्ने गरेको बुभ्दा ५० प्रतिशत प्र.अ.हरुबाट सकारात्मक र ५० प्रतिशतबाट नकारात्मक धारणा रहेको पाइयो । नकारात्मक धारणा व्यक्त गर्नुहुने प्र.अ.हरुका अनुसार स्रोतकेन्द्र बैठकमा सहभागितामूलक सुपरिवेक्षण सम्बन्धि छलफल कहिलेकाही मात्र हुने र अधिकांश समय अन्य शीर्षकमानै केन्द्रित रहने प्रतिक्रिया पाइयो । विद्यालयको नियमित पठनपाठन, कम शिक्षक दरबन्दी, परीक्षा, निजि स्रोतका शिक्षक र उनीहरुका पारिश्रमिक जस्ता विषयमा स्रोत र साधनको खोजीमा बढि केन्द्रित हुनुपर्ने भएकोले स्रोतकेन्द्र प्र.अ. बैठकमा सहभागितामूलक सुपरिवेक्षण सम्बन्धि छलफल कहिलेकाही मात्र हुने गरेको पाइयो ।

### ४.१.८ स्रोतकेन्द्रको भूमिका

विद्यालयमा सुपरिवेक्षकहरुको प्रमुख दायित्व शिक्षकहरुका लागि नमूना पाठ प्रदर्शन गरी उनीहरुमा शिक्षण कौशल अभिवृद्धि गर्नु हो तर यस सम्बन्धमा जानकारी लिदा शत प्रतिशत वि.नि/स्रोतव्यक्तिहरुले सकारात्मक प्रतिक्रिया दिएतापनि नमूना छनौटमा परेका शतप्रतिशत

प्र.अ.हरु तथा शिक्षकहरुले उनीहरुबाट नमूना पाठ शिक्षण नगरिएको अभिमत जाहेर गरेको पाइयो । स्रोतकेन्द्र भित्र विद्यालयको संख्या धेरै र वि.नि. ⁄ स्रोतव्यक्तिहरु अधिकांश समय जि.शि.का. मा रहने भएकोले विद्यालयहरुमा गई नमूना पाठ प्रदर्शन, पृष्ठपोषण र प्रोत्साहन जस्ता क्रियाकलापहरुमा सहभागि नहुने गरेको पाइयो ।

विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि सहभागितामूलक सुपरिवेक्षणको आवश्यकता पर्दछ । यस सम्बन्धमा खटिएका सम्बन्धित पक्षहरुले आ-आफ्नो तर्फबाट कार्य सम्पादन गरे यस कार्यले पूर्णता पाउन सक्दछ । सहभागितामूलक सुपरिवेक्षणको वर्तमान स्थितिको विश्लेषण गर्न विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणमा नियमितता, विषयगत उपसमितिद्वारा सुपरिवेक्षण, वि.व्य.स.द्वारा सुपरिवेक्षण, वि.नि ⁄ स्रोतव्यक्तिद्वारा सुपरिवेक्षण, पृष्ठपोषणको रुपमा सुपरिवेक्षणको प्रयोग, विषयगत शिक्षक भेला र परामर्श, स्रोत केन्द्र स्तरीय प्र.अ. बैठक, नमूना पाठ प्रदर्शन जस्ता पक्षहरुको अध्ययन गरिएको छ । यी पक्षहरुमा सहभागितामूलक सुपरिवेक्षकहरुले आ-आफ्नो क्षेत्रबाट अहम भूमिका निर्वाह गर्नुपर्दछ । वि.नि ⁄ स्रोतव्यक्तिको सुपरिवेक्षण प्रतिवेदन कार्यान्वयन, उनीहरुको सेवा सुविधामा वृद्धि, कार्यक्षेत्रको सिमाङ्कन, दण्ड र पुरस्कारको व्यवस्था, जिल्ला क्षेत्रबाट आवश्यक सल्लाह, सुझाव दिनु जस्ता कार्यहरु सम्बन्धित निकायबाट हुनुपर्दछ । यी सबै सुपरिवेक्षकहरुको आवश्यकताहरु क्रमिक रुपमा पूरा गर्दै जानुपर्दछ । तबमात्र वि.नि. ⁄ स्रोतव्यक्ति आफ्नो कार्यक्षेत्रमा खटिएका हुन्छन् । फलस्वरुप शैक्षिक गुणस्तर वृद्धि हुन जान्छ । यस सन्दर्भमा सुपरिवेक्षकहरुको आवश्यकताहरु अनगिन्ती हुन्छन् ती आवश्यकताहरु क्रमिक रुपमा पूरा गर्दै गएको खण्डमा सहभागितामूलक सुपरिवेक्षणले पूर्णता पाउन सक्छ भन्ने धारणा पाइयो ।

मास्लोले आफ्नो अभिप्रेरणा सम्बन्धि सिद्धान्तमा उल्लेख गरेका छन् । व्यक्तिहरुको आवश्यकताहरु अनगिन्ती हुन्छन् । तर सबैभन्दा पहिला व्यक्तिलाई आधारभूत आवश्यकता पर्दछ र त्यो आवश्यकता पूरा भएपछि व्यक्ति क्रमिक रुपमा अन्य आवश्यकताहरु सुरक्षात्मक, सामाजिक, स्वाभिमान, आत्मसन्तुष्टिको आवश्यकता तर्फ केन्द्रित हुन्छ । यसरी मास्लोको सिद्धान्तलाई अनुशरण गर्दै विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणका क्षेत्रमा काम गर्ने वि.नि. ⁄ स्रोतव्यक्तिहरुको विभिन्न आवश्यकताहरु सम्बन्धित निकायहरुबाट पहिचान गरी समाधान गर्ने कार्य क्रमिक रुपमा गर्न

नसकेको खण्डमा सहभागितामूलक सुपरिवेक्षणको वर्तमान स्थितिमा सुधार नभई यथावतै रहने देखिन्छ भन्ने प्रतिक्रिया सम्बन्धित विद्यालयका प्र.अ. हरुबाट पाइयो ।

### ४.१.९ सहभागितामूलक सुपरिवेक्षणको प्रभाव र परीक्षा परिणाममा सुधार

शैक्षिक गुणस्तर प्रवर्द्धनमा सहभागितामूलक सुपरिवेक्षणको वर्तमान स्थिति विश्लेषणका क्रममा छनौटमा परेका ४ वटा विद्यालयहरुको २/२ वर्षको SLC नतिजामा सहभागितामूलक सुपरिवेक्षणले के-कस्तो प्रभाव पारेको छ भन्ने यथार्थ अवस्थाको जानकारी को विश्लेषण निम्नानुसार गरिएको छ ।

यस अध्ययनमा अनुसन्धानकर्ताले नमूना छनौटमा परेका ४ वटा विद्यालयहरुको अनुसूची ३ मा उल्लेख गरिए अनुसारको SLC परीक्षाको शैक्षिक उपलब्धि अनुसार भण्डारा उ.मा.वि. भण्डाराको २०६६ सालमा ४२.२६ प्रतिशत, २०६७ सालमा ६२.१२ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण हुन सफल रहेको पाइयो । यसबाट २०६६ सालको तुलनामा २०६७ सालमा उत्तीर्ण प्रतिशत वृद्धि भएको देखिन्छ । भण्डारा उ.मा.वि.मा २०६६ सालमा सहभागितामूलक सुपरिवेक्षणमा कमी भएको र २०६७ सालमा सहभागितामूलक सुपरिवेक्षण बढी भएको देखिन्छ । वीरेन्द्र आदर्श उ.मा.वि. वीरेन्द्रनगरको २०६६ सालमा ५९.३ प्रतिशत र  २०६७ सालमा ५६.४१ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण हुन सफल रहेको पाइयो । यसबाट २०६६ सालको तुलनामा २०६७ सालको विद्यार्थी उत्तीर्ण प्रतिशत कम रहेको देखिन्छ । जनजीवन उ.मा.वि. चैनपुरको २०६६ सालमा ४५.५६ प्रतिशत, २०६७ सालमा ७०.५८ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण हुन सफल रहेको पाइयो । यस विद्यालयमा २०६६ सालको तुलनामा २०६७ सालको विद्यार्थी उत्तीर्ण प्रतिशत धेरै बढी रहेको पाइयो । यस विद्यालयले २०६६ सालको तुलनामा २०६७ सालको सहभागितामूलक सुपरिवेक्षणमा अत्याधिक मात्रामा वृद्धि गरेको प्रतिक्रिया विद्यालयका प्र.अ. बाट पाइयो । कपिया उ.मा.वि. कुमरोजको २०६६ सालमा ६७.८५ प्रतिशत, २०६७ सालमा ३२.८३ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण हुन सफल रहेको पाइयो । यस विद्यालयको विद्यार्थी उत्तीर्ण प्रतिशत २०६६ सालको तुलनामा २०६७ सालमा अत्याधिक मात्रामा घटेको पाइयो । यस विद्यालयमा २०६६ सालको तुलनामा २०६७ सालको सहभागितामूलक सुपरिवेक्षणमा कमी आएको कारणले गर्दा विद्यार्थी उत्तीर्ण प्रतिशत २०६७ सालको धेरै कम रहेको प्रतिक्रिया विद्यालयका प्र.अ. बाट पाइयो ।

माथि उल्लेखित विद्यालयहरुमा भण्डारा उ.मा.वि. भण्डारा र जनजीवन उ.मा.वि. चैनपुरमा विद्यार्थी उत्तीर्ण प्रतिशत २०६६ सालको तुलनामा २०६७ सालमा बढेको पाइयो । यी दुबै विद्यालयहरुमा पनि कुनै वर्ष सहभागितामूलक सुपरिवेक्षण त्यति मात्रामा नहुने गरेको कारण २०६६ सालको विद्यार्थी उत्तीर्ण प्रतिशत धेरै कम रहेको सम्बन्धित विद्यालयहरुका प्र.अ.हरुबाट प्रतिक्रिया पाइयो । वीरेन्द्र आदर्श उ.मा.वि. वीरेन्द्रनगर र कपिया उ.मा.वि. कुमरोजमा विद्यार्थी उत्तीर्ण प्रतिशत २०६६ सालको तुलनामा २०६७ सालमा घटेको पाइयो । यसको कारण सहभागितामूलक सुपरिवेक्षणको कमी हो भन्ने प्रतिक्रिया सोहि दुई विद्यालयहरुका प्र.अ. हरुबाट पाइयो । वीरेन्द्र आदर्श उ.मा.वि. वीरेन्द्रनगरको भने त्यति धेरै प्रतिशत घटेको पाइएन । यसमा सहभागितामूलक सुपरिवेक्षण उत्तीकै मात्रामा हुने गरेको धारणा सोहि विद्यालयका प्र.अबाट पाइयो । तर कपिया उ.मा.वि. कुमरोजमा २०६६ सालको भन्दा २०६७ सालमा विद्यार्थी उत्तीर्ण प्रतिशत धेरै घटेको पाइयो । यस विद्यालयमा २०६६ सालमा भन्दा २०६७ सालमा सहभागितामूलक सुपरिवेक्षणमा कमी भएको धारणा सोहि विद्यालयका शिक्षकहरुबाट पाइयो । यसबाट पुष्टि हुन्छ की शैक्षिक गुणस्तर वृद्धि गर्न सहभागितामूलक सुपरिवेक्षण हुनु जरुरी रहेको छ ।

## ४.२. विद्यालयमा शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षणको आवश्यकता

शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि शैक्षिक सुपरिवेक्षणको अर्को आधुनिक प्रचलनको रुपमा सहभागितामूलक सुपरिवेक्षणको कार्य कुनै एक व्यक्ति वा पक्षले मात्र नगरी सबैले गर्नु, विद्यालयमा सञ्चालित कार्यक्रमहरुमा सबैले सहभागिता देखाउनु, एकअर्काको कार्यप्रणाली बुझ्ने मौका पाउनु र सिकाइको वातावरणलाई विश्लेषण गर्नु सहभागितामूलक सुपरिवेक्षण हो । यसमा विद्यार्थीको व्यवहार प्रणाली सुपरिवेक्षणको केन्द्रमा रहेको हुन्छ । सिकाइ भनेको शिक्षक र विद्यार्थी बीचको सहभागितामूलक प्रक्रिया हो । आज विद्यार्थी मूल्याङ्कनको आधारमा शिक्षकको मूल्याङ्कन गर्नुपर्ने धारणा विकास भएको छ । यस्तो दृष्टिकोणसँगै सहभागितामूलक कक्षा अवलोकन र सुपरिवेक्षणबाट संकलन गरीने तथ्याङ्कमा समेत स्वभाविक रुपमा परिवर्तन हुन्छ । तसर्थ तथ्याङ्क संकलन गर्दा शिक्षकको व्यवहारमा मात्र सिमित नरहेर शिक्षण सिकाईसँग संलग्न सम्पूर्ण पक्षमा केन्द्रित हुनुपर्दछ । सहभागितामूलक सुपरिवेक्षण प्रक्रियाले शिक्षकलाई लक्षित

नगरी सम्पूर्ण शिक्षण सिकाईसँग सम्बन्धित पक्षहरु लगानी, प्रक्रिया र उत्पादन सबैको मूल्याङ्कन गर्नु कुनै पनि संगठनमा संलग्न व्यक्तिहरुमा पेशागत दक्षता, पारस्परीक अन्तरनिर्भरता पाठ्यक्रममा सहयात्रा गर्न सक्ने हुनुपर्दछ । यी सबै पक्षहरु सहभागितामूलक विद्यालय सुपरिवेक्षणबाट मात्रै पूरा हुन्छ । प्राप्त तथ्याङ्कको आधारमा निम्न उप-शीर्षकहरु राखि सहभागितामूलक सुपरिवेक्षणको आवश्यकता बारे व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२.१ शिक्षण सिकाइ व्यवस्थित गर्न

शिक्षण सिकाइ क्रियाकलाप निरन्तर चलिरहन्छ । समयअनुसार शिक्षण क्रियाकलापमा परिवर्तनको आवश्यकता पर्दछ । जसले गर्दा समायोचित सिकाइ हुन जान्छ । सहभागितामूलक सुपरिवेक्षणले शिक्षण सिकाइ क्रियाकलापको विद्यमान स्थितिको मूल्याङ्कन गर्दछ । जसबाट सुधार गर्नुपर्ने पक्ष केलाउन सजिलो हुन्छ । त्यसकारण सहभागितामूलक सुपरिवेक्षण शिक्षण सिकाइको लागि आवश्यकता सम्बन्धमा अनुसूचि-६ अनुसार विद्यालयहरुका शतप्रतिशत प्र.अ., वि.नि./स्रोतव्यक्ति, ७५ प्रतिशत शिक्षक र ५० प्रतिशत वि.व्य.स. अध्यक्षहरु सकारात्मक रहेको धारणा पाइयो ।

त्यस्तै २५ प्रतिशत शिक्षक र ५० प्रतिशत वि.व्य.स. अध्यक्षहरुबाट शिक्षण सिकाइ व्यवस्थित गर्न सहभागितामूलक सुपरिवेक्षण आवश्यकता छैन भन्ने नकारात्मक धारणा दिएको पाइयो । नकारात्मक धारणा व्यक्त गर्नुहुने शिक्षकहरुको अनुसार विद्यालय सुपरिवेक्षण सहभागितामूलक हुनु आवश्यक नरहेको र यसको जिम्मेवारी वि.नि./स्रोत व्यक्ति, प्र.अहरुमा रहेको छ । समुदायको अन्य व्यक्तिहरुमा सुपरिवेक्षणको प्राविधिक ज्ञान, सीप, अनुभव नहुनाले सुपरिवेक्षण अर्थहिन हुने भएकोले सहभागितामूलक सुपरिवेक्षण शिक्षण सिकाइको लागि आवश्यकता नरहेको प्रतिक्रिया पाइयो । नकारात्मक धारणा व्यक्त गर्नुहुने वि.व्य.स. अध्यक्षहरुका अनुसार शिक्षण सिकाइ अभिवृद्धिका लागि गरिने सुपरिवेक्षणमा समुदायको खास भूमिका नरहेको र समुदायमा सुपरिवेक्षणको प्रविधि, तरिकाको ज्ञान, सीपको अभाव रहेको देखिन्छ भन्ने प्रतिक्रिया पाइयो ।

### ४.२.२ सहकार्य, सहयोगात्मक भावनाको विकास र विचारको आदानप्रदान गर्न

सहभागितामूलक सुपरिवेक्षणले सहकार्यमा जोड दिन्छ । विद्यालय शैक्षिक संस्था हो । यसको प्रशाशनिक, शैक्षिक, सामाजिक पक्षहरुको व्यवस्थापकीय पक्ष सुव्यवस्थित गर्न सहभागितामूलक सुपरिवेक्षणले ठूलो मद्दत पुऱ्याउँदछ किनभने यस प्रक्रियामा आपसी छलफल गरी विचारहरुको आदानप्रदान, कलाकौशल क्षमताको प्रदर्शन तथा साटासाट, राम्रा र नराम्रा पक्षहरुको पुनरावलोकन जस्ता क्रियाकलापहरु निरन्तर चलिरहने हुनाले सहभागितामूलक सुपरिवेक्षण बारे अनुसूचि ६ अनुसार विद्यालयहरुका शतप्रतिशत प्र.अ., वि.नि. ⁄स्रोतव्यक्ति, ७५ प्रतिशत शिक्षक र ५० प्रतिशत वि.व्य.स. अध्यक्षहरुबाट सहभागितामूलक सुपरिवेक्षण सहकार्य, सहयोगात्मक भावनाको विकास र विचारको आदानप्रदानको लागि आवश्यकता छ भन्ने सकारात्मक धारणा दिएको पाइयो ।

त्यस्तै विद्यालयहरुका २५ प्रतिशत शिक्षक, ५० प्रतिशत वि.व्य.स. अध्यक्षहरुबाट सहकार्य, सहयोगात्मक भावनको विकास र विचारको आदान प्रदान गर्न सहभागितामूलक सुपरिवेक्षण आवश्यकता छैन भन्ने नकारात्मक प्रतिक्रिया दिएको पाइयो । नकारात्मक प्रतिक्रिया व्यक्त गर्नुहुने शिक्षकहरुको अनुसार सुपरिवेक्षण कार्यमा जिल्लास्तरीय वि.नि. ⁄स्रोतव्यक्तिहरुको प्रमुख हात रहेको हुन्छ । यसमा विचारहरुको आदान प्रदान भन्दा पनि निरीक्षण गर्ने कार्य प्रमुख हुने हुनाले सहभागितामूलक सुपरिवेक्षण आवश्यकता नरहेको प्रतिक्रिया दिएको पाइयो । वि.व्य.स. अध्यक्षहरुका अनुसार सहभागितामूलक सुपरिवेक्षण भन्दा पनि आ-आफ्नो जिम्मेवारी बोकेका पदाधिकारीहरुबाट आ-आफ्नो क्षेत्रमा गरिने कार्यलाई बढी महत्व दिनुपर्ने धारणा राखेको पाइयो ।

### ४.२.३ दक्षता र क्षमताको अनुशरण गर्न

सहभागितामूलक सुपरिवेक्षणले दक्षता र क्षमताको अनुशरण गर्न सघाउ पुऱ्याउँदछ । किनभने विद्यालयमा शिक्षकहरुको दक्षता र क्षमताको यसले पहिचान गर्दछ । गुणस्तरीय शिक्षाको पहिचान गर्दछ र गुणस्तरीय शिक्षामा अगाडि बढिरहेको विद्यालयहरुको पहिचान गरेर त्यसको अनुशरण गर्न यसले मद्दत पुऱ्याउँदछ । अनुसूचि ६ अनुसार छनौटमा परेका विद्यालयहरुका

शतप्रतिशत प्र.अ., वि.नि/स्रोतव्यक्ति, शिक्षक र ७५ प्रतिशत वि.व्य.स. अध्यक्षहरुबाट सहभागितामूलक सुपरिवेक्षण दक्षता र क्षमताको अनुशरण गर्न आवश्यक छ भन्ने सकारात्मक धारणा दिएको पाइयो ।

त्यस्तै २५ प्रतिशत वि.व्य.स. अध्यक्षहरुबाट नकारात्मक प्रतिक्रिया दिएको पाइयो । वि.व्य.स अध्यक्षहरुका अनुसार योग्यताको कमी हुने भएकोले दक्षता र क्षमताको अनुशरण गर्न नसक्ने धारणा राखेको पाइयो ।

### ४.२.४ स्रोत र साधनको अधिकतम उपयोगबाट शैक्षिक गुणस्तर बढाउन

सहभागितामूलक सुपरिवेक्षणले सिमित स्रोत र साधनहरुको अधिकतम उपयोग गर्न सिकाउँदछ । सबै शिक्षण संस्थाहरु स्रोत साधनले सम्पन्न हुदैनन् । त्यसकारण भैरहेको स्रोत र साधनको अधिकतम उपयोग गर्न र शैक्षिक गुणस्तर वृद्धि गर्न सहभागितामूलक सुपरिवेक्षणले मद्दत पुऱ्याउँदछ भन्ने सम्बन्धमा अनुसूचि-६ अनुसार विद्यालयहरुका शत प्रतिशत प्र.अ., वि.नि/स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष र ७५ प्रतिशत शिक्षकहरुबाट सहभागितामूलक सुपरिवेक्षण स्रोत र साधनको अधिकतम उपयोगबाट शैक्षिक गुणस्तर बढाउनको लागि आवश्यक छ भन्ने सकारात्मक धारणा दिएको पाइयो ।

त्यस्तै २५ प्रतिशत शिक्षकहरुले नकारात्मक धारणा दिएको पाइयो । नकारात्मक धारणा व्यक्त गर्नुहुने शिक्षकहरुका अनुसार स्रोत र साधन जुटाउने कार्य विद्यालय र वि.व्य.सको हुन्छ । शिक्षकहरुको असक्षमताको कारणले भैरहेको विद्यमान स्रोत र साधनको पनि उपयोग गर्न नसकेको धारणा दिएको पाइयो ।

### ४.२.५ समूहमा कार्य गर्ने भावनाको विकास गर्न

सहभागितामूलक सुपरिवेक्षणले सामुहिक क्रियाकलापमा जोड दिन्छ जसले गर्दा संस्था संचालनमा सामुहिक जिम्मेवारीको बोध गराउँदछ । संस्थामा कार्यरत सम्पूर्ण व्यक्तिहरुको जवाफदेहिता उजाग्रत हुन्छ । यस सम्बन्धमा अनुसूचि-६ अनुसार छनौटमा परेका

विद्यालयहरुका शतप्रतिशत प्र.अ., वि.नि/स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष र ५० प्रतिशत शिक्षकहरुबाट शैक्षिक गुणस्तर वृद्धि र समूहमा कार्य गर्ने भावनको विकास गर्न सहभागितामूलक सुपरिवेक्षणको आवश्यकता छ भन्ने सकारात्मक प्रतिक्रिया दिएको पाइयो । त्यस्तै यस विषयमा ५० प्रतिशत शिक्षकहरुबाट नकारात्मक धारणा प्रतिक्रिया दिएको पाइयो । शिक्षकहरुका अनुसार समूहमा काम गर्न हिच्किचाउने, Team Teaching नगराउने, प्रवृत्तिका कारण नकारात्मक धारणा रहेको पाइयो ।

शिक्षण सिकाइको गुणस्तर वृद्धिको लागि सहभागितामूलक सुपरिवेक्षण आवश्यक छ । तर यसमा सहभागि हुने विभिन्न पक्षहरु पूर्ण रुपमा सक्षम भएनन् भने यो कार्य अधुरो हुन जान्छ । जस्तै वि.नि/स्रोतव्यक्ति हरुबाट भएको सुपरिवेक्षण प्रतिवेदन कार्यान्वयन हुन नसक्दा, कार्य क्षेत्रको सिमांङ्कन गर्न नसक्दा, दण्ड र पुरस्कारको व्यवस्था हुन नसक्दा यो कार्यले पूर्णता पाउन सक्दैन, त्यस्तै विद्यालय परिवार भित्र विद्यमान समस्याहरुको समयमानै समाधान हुन नसक्दा समुदाय तथा जिल्ला क्षेत्रबाट आवश्यक सहयोग सल्लाह, सुझाव पाउन नसक्दा, शिक्षकहरुको पेशागत सेवा सुविधा दक्षता अभिवृद्धिमा ध्यान दिन नसक्दा सहभागितामूलक सुपरिवेक्षण फितलो हुन जान्छ । यस सन्दर्भमा मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्तले सम्बोधन गरेका आवश्यकताहरु क्रमिक रुपमा परिपूर्ति हुदै जानुपर्ने औचित्य देखापर्दछ । यस कार्यहरुमा संलग्न सम्पूर्ण पक्षको आवश्यकता क्रमिक रुपमा सम्बन्धित निकायले पूरा गर्दै जानुपर्ने देखिन्छ । सहभागितामूलक सुपरिवेक्षण शिक्षण सिकाइको लागि, सहकार्य र सहयोगात्मक भावनाको विकास र विचारको आदान प्रदानको लागि, दक्षता र क्षमता अभिवृद्धिको लागि, समूहमा काम गर्ने भावनाको लागि, स्रोत र साधनको अधिकतम उपयोगको लागि आवश्यक छ भन्ने भावनाको विकास सम्पूर्ण पक्षहरुमा नभएसम्म यो कार्य सफल हुन सक्दैन । त्यसकारण सुपरिवेक्षणलाई एकपक्षिय रुपमा मात्र नलिएर बहुपक्षिय रुपमा पनि लिनुपर्दछ भन्ने प्रतिक्रिया पाइयो ।

### ४.३. विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण कार्यान्वयनका चुनौती

अनुसन्धानका क्रममा छनौटमा परेका वि.नि/स्रोतव्यक्तिहरुले विद्यालय निरीक्षण क्षेत्रमा अर्थात् विद्यालयस्तरीय सहभागितामूलक सुपरिवेक्षण कार्यान्वयनका चुनौती सम्बन्धमा जानकारी लिन प्रश्नावली भराउने कार्य गरिएको छ । उक्त प्रश्नावलीमा वि.नि/स्रोतव्यक्तिहरुले व्यक्त गरेका

सहभागितामूलक सुपरिवेक्षण कार्यान्वयनका चुनौती सम्बन्धि प्रतिक्रियालाई निम्न अनुसार बुदाँगत रुपमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ आवश्यकता बमोजिमको तालिमको कमी

विद्यालय निरीक्षक/स्रोतव्यक्तिहरुका लागि पूर्वसेवाकालिन, सेवा प्रवेश र सेवाकालिन तालिमको कमी रहेको पाइयो । जुनसुकै पेशामा पनि विशिष्टरुपले कार्य संचालन गरी विशेषज्ञता हासिल गर्न तालिमको महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ वि.नि./स्रोतव्यक्तिको लागि समसामायिक तालिम र पुनर्ताजगी  तालिमको अभाव रहेको छ । जसले गर्दा शैक्षिक गुणस्तर प्रवर्द्धनमा प्रभाव पारेको पाइयो । यस सम्बन्धमा शतप्रतिशत प्र.अ., शिक्षकहरुबाट सकारात्मक धारणा रहेको पाइयो ।

### ४.३.२ शिक्षा क्षेत्रमा राजनैतिक प्रभाव हावी हुनु

शिक्षा क्षेत्रमा राजनैतिक प्रभाव अत्यन्त बढेर गएको पाइन्छ । विद्यालयमा काम गर्ने शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, खोसुवामा यसको प्रभाव प्रत्यक्ष परेको पाइयो । शिक्षण कार्यमा प्रवेश गरेर एक वर्ष बिताएकै भरमा स्वतः स्थायी गर्ने प्रक्रिया पनि शिक्षामा अत्याधिक राजनैतिक हस्तक्षेपको प्रभावको रुपमा नै लिन सकिन्छ । कुनै पार्टीको समर्थक भएकै भरमा शिक्षकमा नियुक्ति हुने परम्परले प्रशासनिक पक्ष त ओझेलमा पर्छ भने प्राविधिक पक्षको के जरुरत हुन्छ  र ? भन्ने जस्ता चुनौतीहरु भएको प्रतिक्रिया पाइयो । धेरैजसो विद्यालयमा वि.व्य.स पनि सर्वदलिय भएको पाइयो । विभिन्न राजनैतिक दलहरुले शिक्षक नियुक्ति गर्न पनि आ-आफ्नो पार्टी समर्थक हेर्ने गरेको र सोही अनुरुप नियुक्ति गरेको प्रतिक्रिया पाइयो । जसले गर्दा शैक्षिक गुणस्तर प्रवर्द्धनमा प्रभाव परेको पाइयो । यससम्बन्धमा प्रश्नावली मार्फत बुझ्दा शतप्रतिशत शिक्षकहरुबाट सकारात्मक धारणा रहेको पाइयो । अन्तर्वार्ता मार्फत बुझ्दा अधिकांश अभिभावकहरु, राजनितिक दलहरु र विद्यार्थीहरुबाट सकारात्मक प्रतिक्रिया रहेको पाइयो ।

### ४.३.३ विद्यालय संख्याको अनुपातमा वि.नि दरबन्दी थप हुन नसक्नु

वृद्धि हुदै गइरहेको विद्यालय संख्याको अनुपातमा वि.नि/स्रोतव्यक्तिको दरबन्दी थप हुन नसकेको पाइयो । जसले गर्दा एउटै वि.नि./स्रोतव्यक्तिले धेरै विद्यालय हेर्नु परेको हुन्छ । वि.नि./स्रोतव्यक्तिसँगै बसेर कुनै विद्यालयको सुपरिवेक्षण गर्न नसकेको प्रतिक्रिया पाइयो । साथै वि.नि/स्रोतव्यक्तिलाई कार्यबोझको अवस्था सिर्जना भएको पाइयो । जसले गर्दा शैक्षिक गुणस्तर प्रवर्द्धनमा प्रत्यक्ष प्रभाव पारेको पाइयो ।

### ४.३.४ भौगोलिक विकटता र संचारको कमी

भौगोलिक विकटताले गर्दा विद्यालयमा आवश्यक परेको समयमा निरीक्षकले सेवा पुऱ्याउन सकिरहेको अवस्था छैन । भौगोलिक रुपमा विकट क्षेत्रमा  खटिएका र काम गर्ने कर्मचारीको लागि सोही अनुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने व्यवस्था छैन । तराई क्षेत्र र पहाडी दुर्गम क्षेत्रमा काम गर्ने वि.नि/स्रोतव्यक्तिले प्राप्त गर्ने भत्तामा कुनै फरक छैन । त्यस्तै दुर्गम क्षेत्रमा खटिएर काम गर्ने निरीक्षकहरुका लागि फिल्डमा जादा आवश्यक पर्ने ट्रेकिङ्ग व्याग, टर्च, छाता, स्लिपिङ्ग व्याग जस्ता भौतिक सुविधाको अभाव रहेको पाइयो र भौगोलिक विकटताले गर्दा वि.नि./स्रोतव्यक्ति, प्र.अ., वि.व्य.स अध्यक्ष लगायत सदस्यहरुको सहभागितामूलक सुपरिवेक्षण हुन नपाएकोले शैक्षिक गुणस्तर प्रवर्द्धनमा प्रत्यक्ष प्रभाव परेको प्रतिक्रिया पाइयो । शिक्षा क्षेत्रमा आवश्यक मात्रामा संचारको कमी रहेको छ । राम्रो एवं इमान्दारीताका साथ काम गर्ने वि.नि./स्रोतव्यक्तिहरुको कार्यको अन्यत्र पनि सञ्चार हुन नसक्दा त्यसबाट अरु उत्प्रेरीत बन्न सकिरहेको छैनन् । राम्रो एवं इमान्दारीताका साथ नियमित रुपमा काम गर्ने वि.नि./स्रोतव्यक्तिहरुको मनोबल पनि गिर्न गएको छ । पेशागत दक्षता वृद्धिका लागि आपसी अन्तरक्रिया र संचार ओझेलमा परेको छ । त्यस्तै स्रोतकेन्द्रगत रुपमा हुने बैठकहरुमा पनि आपसी रुपमा भन्दा त्यहाँ आउने कतिपय शिक्षक तथा प्र.अ.हरु उपस्थिती मात्र जनाउन आएको पाइयो भने कतिपयले धेरै समयसम्म पनि उपस्थिती नै नजनाएको पाइयो । यसरी आपसी छलफल नभएमा पनि विद्यालयमा नियमित रुपमा उपस्थित भई सहभागितामूलक सुपरिवेक्षण हुदैन र शैक्षिक गुणस्तर प्रवर्द्धनमा प्रत्यक्ष प्रभाव पारेको प्रतिक्रिया पाइयो ।

### ४.३.५ सेवा सुविधामा असमानता र प्रोत्साहनको कमी

विद्यालय सुपरिवेक्षण कार्यको महत्व र सम्बेदनशिलताको दृष्टिले यस क्षेत्रमा काम गर्ने सहभागितामूलक सुपरिवेक्षकहरुका लागि सेवा सुविधाको कमी रहेको पाइयो । कार्यालयमा काम गर्ने समान स्तरका अधिकृत सरह तलब भत्ता हुनु, नाममात्रको फिल्ड भत्ता हुनु, सबै स्रोतकेन्द्रमा स्रोतकेन्द्र भवन नहुनु, जि.शि.का.मा वि.नि. ⁄ स्रोतव्यक्तिका लागि बस्ने कोठा र कुर्चि नहुनु, फिल्डमा काम गर्न जाँदा यातायातको व्यवस्था नहुनुले पनि विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणमा बाधा उत्पन्न भएको छ भन्ने प्रतिक्रिया शतप्रतिशत प्र.अ, शिक्षकहरुबाट पाइयो ।

जि.शि.अ. भन्दा वि.नि.को पद एक तह मुनिको हो । जि.शि.अ.लाई आवास, यातायातको सुविधा प्राप्त हुनुका साथै जिल्ला भरीका शिक्षा क्षेत्रको बजेट जि.शि.अ बाटै खर्च गरिन्छ तर वि.नि.का लागि आवासको सुविधा परैजाओस् फिल्डमा जान यातायातको सुविधा पनि छैन साथै स्रोतकेन्द्रका लागि आवश्यक पर्ने न्यूनतम बजेटको व्यवस्था छैन । यस्तो असमान अवस्थाले विद्यालयमा समयमा पुग्न सकिदैन र सहभागितामूलक सुपरिवेक्षणमा बाधा पुऱ्याएको पाइयो ।

राम्रो काम गर्नेलाई पुरस्कार र प्रोत्साहन गर्ने परम्परा न्यून छ । त्यसमा पनि हाम्रो परम्परा गणेश परम्परा नै सिमित भएको पाइन्छ । जो हाकिमको नजिक रहन सक्यो त्यसैले त्यस्ता पुरस्कारहरु प्राप्त गर्ने यर्थात कार्य र योगदानको आधारमा भन्दा चिनजान र राजनैतिक सिफारिसका आधारमा पुरस्कार प्रदान गर्ने परम्पराले गर्दा इमान्दारीताका साथ काम गर्ने वि.नि ⁄ स्रोतव्यक्तिहरुमा निरासा बढाएको पाइयो । जसले गर्दा उनीहरु समयमा नै विभिन्न विद्यालयमा पुगी सहभागितामूलक सुपरिवेक्षण गर्न सक्दैनन् फलस्वरुप शैक्षिक गुणस्तर प्रवर्द्धनमा प्रभाव परेको पाइयो ।

### ४.३.६ निरीक्षण प्रतिवेदन कार्यान्वयन नहुनु

वि.नि. ⁄ स्रोतव्यक्तिहरुद्वारा प्रेसित निरीक्षण प्रतिवेदन उपर जि.शि.अ.ले कारवाही गर्ने, अझ राम्रो गर्न प्रेरित गर्ने कार्य नगर्नाले वि.नि ⁄ स्रोतव्यक्तिहरुमा विद्यालयमा नियमित रुपमा समयमानै

उपस्थित भई सहभागितामूलक सुपरिवेक्षण गरी शैक्षिक गुणस्तर बढाउने कार्य गर्ने जोसजाँगरमा गिरावट आएको अवस्था रहेको पाइयो ।

### ४.३.७ स्रोतकेन्द्र स्रोतसाधन सम्पन्न हुन नसक्नु

स्रोतकेन्द्रमार्फत निरीक्षणको अवधारणा विकसित भएर गएको आजको यस समयमा पनि सबै ठाउमा स्रोतकन्द्रहरु खुल्न सकेका छैनन् भने खुलेका स्रोतकेन्द्रहरु पनि नाम मात्रको छन् । आवश्यक पर्ने स्रोत साधनले पूर्ण हुन सकिरहेको अवस्था छैन । स्रोतकेन्द्रमा सहायक कर्मचारीको अभाव भएकोले स्रोतव्यक्तिहरु विद्यालयमा नियमित रुपमा उपस्थित हुन सक्दैनन् । जसको कारणले गर्दा सहभागितामूलक सुपरिवेक्षण कार्य प्रभावित बन्न पुगेको पाइयो ।

### ४.३.८ प्रशासनिक कार्य बोझ र संगठन संरचनाको तालमेल नहुनु

जिल्लास्तरमा शिक्षा सम्बन्धि कार्यक्रमहरुको कार्यान्वयन गराउने निकाय जि.शि.का भएको र त्यसको प्रभावकारीता सम्बन्धि सहभागितामूलक सुपरिवेक्षण गर्ने कार्य जि.शि.का अन्तर्गतका वि.नि./स्रोतव्यक्तिहरुले नै गर्ने हुदाँ एउटै कार्यालय, कार्यक्रम कार्यान्वयन गर्ने गराउने र त्यही कार्यालयले सुपरिवेक्षण गर्ने गरेकोले पनि प्रभावकारीता नदेखिएको शतप्रतिशत प्र.अ., वि.नि/स्रोतव्यक्ति र शिक्षकहरुले प्रतिक्रिया दिएको पाइयो ।

समग्र अध्ययनले विद्यालयको शैक्षिक गुणस्तर प्रवर्द्धन गर्न सहभागितामूलक सुपरिवेक्षणमा खटिएका वि.नि/स्रोतव्यक्तिहरुले सुपरिवेक्षणका क्रममा विभिन्न कठिनाईहरुको सामना गर्नु परिरहेको यथार्थ अवस्थाको पुष्टि गर्दछ । शिक्षण सिकाइका नयाँ नयाँ विधि एवं प्रविधिका शिक्षकहरुलाई जानकारी गराउँदै शिक्षण सुधारमा अहम् भूमिका निर्वाह गर्ने वि.नि./स्रोतव्यक्तिहरुका लागि नै समसामयिक तालिमको अभाव देखियो भने शिक्षा क्षेत्रमा बद्दै गइरहेको राजनैतिक हस्तक्षेप, संख्यात्मक रुपमा वृद्धि भइरहेको विद्यालय संख्याको तुलनामा वि.नि./स्रोतव्यक्तिको दरबन्दी थप हुन नसक्दा प्रभावकारी रुपमा सहभागितामूलक सुपरिवेक्षण सेवा उपलब्ध गराउन कठिनाई परिरहेको अवस्था देखियो ।

भौगोलिक विविधताले गर्दा हाम्रो देशमा भौगोलिक विकटताको आधारमा आर्थिक एवं भौतिक सुविधाको विस्तार गर्न नसक्दा वि.नि. ⁄ स्रोतव्यक्तिमा हिनता बोधको अवस्था सृजना भएको पाइयो । राम्रो काम गर्ने र नराम्रो काम गर्नेको बीचमा मूल्याङ्कन गर्ने परीपाटी नहुँदा, राम्रो काम गर्नेको पनि जोसजाँगर मरेर गएको स्थिति देखियो । मेहनत एवं परीश्रमका साथ तयार गरिएको निरीक्षण प्रतिवेदन र दिएको सुझाव कार्यान्वयन नहुँदा काम गर्न प्रोत्साहितहरु पनि स्थिर रहेको अवस्था पाइयो । स्रोतकेन्द्रको अवधारणा आए पनि सबै स्थानमा स्रोतकेन्द्र स्थापना हुन नसक्नु र भएको स्रोतकेन्द्र पनि स्रोतसाधनले सम्पन्न हुन नसक्दा विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण कार्य प्रभावित बन्न पुगेको पाइयो ।

मास्लो, (१९४३) का अनुसार जब सम्म आधारभूत आवश्यकता पूर्ति हुदैन तब सम्म व्यक्तिलाई उत्प्रेरीत गर्न सकिदैन । आवश्यकताहरु क्रमिक रुपमा वृद्धि हुदै जान्छ, मानिस आवश्यकताको श्रृङ्खलाबाट प्रेरित भई कार्य गर्दछ । यसको लागि व्यक्तिका न्यूनतम आधारभुत आवश्यकता परिपूर्ति गर्दै क्रमशः अन्य सुरक्षात्मक, सामाजिक स्वाभिमान, आत्मसन्तुष्टिको आवश्यकता परिपूर्ति तर्फ ध्यान दिनु पर्ने हुन्छ । यसरी मास्लोको सिद्धान्तलाई अनुशरण गदै विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणका क्षेत्रमा काम गर्ने वि.नि. ⁄ स्रोतव्यक्तिका विविध आवश्यकताहरु पहिचान गरी समाधान गर्ने कार्य गर्न नसकेको खण्डमा सहभागितामूलक सुपरिवेक्षणमा देखिएका चुनौतीहरु यथावतै रहने देखिन्छ ।

वि.नि ⁄ स्रोतव्यक्तिहरुले विद्यालयमा गर्ने सहभागितामूलक सुपरिवेक्षणको साथसाथै अन्य प्रशासनिक कार्यहरुमा समेत संलग्न गराईन्छ जसले गर्दा वि.नि ⁄ स्रोतव्यक्तिहरुले नियमित रुपमा विद्यालयको सहभागितामूलक सुपरिवेक्षणमा पूर्ण रुपमा समय दिन नसकिरहेको अवस्था रहेको पाइयो । सहभागितामूलक सुपरिवेक्षण क्रियाकलापमा संलग्न प्र.अ., वि.नि ⁄ स्रोत व्यक्ति र शिक्षक बीच एक अर्कामा प्रभावकारी निरीक्षण कै अभाव रहेको देखियो । शिक्षा ऐन तथा नियमावली समय समयमा परिवर्तन तथा संशोधन गरिएतापनि राष्ट्रिय आवश्यकता पहिचान गरी परिवर्तित राजनैतिक प्रणालीअनुसार भएको पाइदैन ।

### ४.४. विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण प्रभावकारी बनाउने विकल्पहरु

अनुसन्धानका क्रममा अनुसन्धानकर्ताले नमूना छनौटमा परेका व्यक्तिहरु वि.नि./स्रोतव्यक्ति, प्र.अ. र शिक्षकसँग प्रश्नावली भराई राय सुझाव लिने कार्य गरिएको छ । विद्यालयस्तरीय सहभागितामूलक सुपरिवेक्षणलाई प्रभावकारी बनाउन आवश्यक विकल्पहरुबारे वि.नि./स्रोत व्यक्ति, प्र.अ. र शिक्षकहरुबाट प्राप्त प्रतिक्रियालाई बुदाँगत रुपमा निम्नानुसार उल्लेख गरिएको छ :

#### ४.४.१ तालिमको उचित व्यवस्था र समान सुविधा प्रदान गर्नुपर्ने

कर्मचारीको कार्यदक्षता वृद्धि गर्ने एउटा महत्वपूर्ण माध्यम नै तालिम भएकोले वि.नि./स्रोतव्यक्तिहरुलाई समसामयिक तालिम र पुनर्ताजगी तालिमहरु नियमित रुपमा प्रदान गरेको खण्डमा उनीहरु विद्यालयमा नियमित रुपमा उपस्थित भई सहभागितामूलक सुपीरवेक्षकहरु बीच छलफल गरी शैक्षिक सुपरिवेक्षणमा पक्कै पनि सुधारको फड्को मार्ने अपेक्षा गर्न सकिन्छ भन्ने प्रतिक्रिया शतप्रतिशत प्र.अ., वि.नि./स्रोतव्यक्ति, शिक्षकहरुबाट पाइयो ।

जबसम्म न्यायोचित मानसिकता बन्दैन तबसम्म काममा प्रभावकारीता बढ्छ र बढ्नुपर्छ भन्नु केबल कल्पना मात्र हुनजान्छ । एकै प्रकारका काम गर्नेहरुका बीचमा असमान व्यवहार एवं सुविधा प्रदान गरिदा हिनताबोध हुन गई सहभागितामूलक सुपरिवेक्षण कार्य प्रभावित हुन पुग्ने हुँदा यस तर्फ जि.शि.का, क्षे.शि.नि र शिक्षा विभागले ध्यान दिनुपर्ने धारणा शतप्रतिशत प्र.अ., वि.नि./स्रोतव्यक्ति, शिक्षकहरुबाट पाइयो ।

#### ४.४.२ राजनैतिक हस्तक्षेपको अन्त्य हुनुपर्ने

शैक्षिक गुणस्तर वृद्धि गर्न हाल शिक्षा क्षेत्रमा रहेको राजनैतिक हस्तक्षेपको अन्त्य गर्नुपर्ने हुन्छ । शिक्षा ऐन तथा नियमावलीमा परिवर्तन र परिमार्जन गर्दा दिर्घकालिन सोचका साथ गर्नुपर्दछ । कर्मचारी छनौट र भर्नामा राजनैतिक पूर्वाग्रह हुनुहुदैन । शिक्षक तथा वि.नि./स्रोतव्यक्ति नियुक्ति

गर्दा योग्य र अनुभवी व्यक्तिको चयन गर्नुपर्ने धारणा शतप्रतिशत प्र.अ.बाट पाइयो । यसो भएमा सहभागितामूलक सुपरिवेक्षण हुने गर्दछ र शैक्षिक गुणस्तर पनि वृद्धि हुने धारणा पाइयो ।

### ४.४.३ बढ्दो विद्यालय संख्याको अनुपातमा वि.नि/स्रोतव्यक्ति दरबन्दी थप गर्नुपर्ने

हालको बढ्दो विद्यालय संख्याको अनुपातमा वि.नि./स्रोतव्यक्तिहरु विद्यालयमा समयमा नै पुगी सहभागितामूलक सुपरिवेक्षण गर्दछन् र शैक्षिक गुणस्तर वृद्धि हुने गर्दछ । छनौटमा परेका विद्यालयहरुका प्र.अ., वि.नि./स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष र शिक्षकहरुबाट प्रश्नावली मार्फत बुझ्दा शतप्रतिशत प्र.अ., शिक्षक र वि.व्य.स. अध्यक्षहरुबाट विद्यालय सङ्ख्याको अनुपातमा वि.नि./स्रोतव्यक्तिहरुको दरबन्दी थप गर्नुपर्ने र वि.नि./स्रोतव्यक्तिहरुमा रहेको कार्यबोझ कम गर्नुपर्ने प्रतिक्रिया पाइयो ।

### ४.४.४ आवश्यक अधिकार प्रत्यायोजन गर्नुपर्ने

वि.नि./स्रोतव्यक्तिहरुलाई समाचार आदान प्रदान गर्ने व्यक्तिका रुपमा मात्र नभई शक्ति विकेन्द्रिकरणको सिद्धान्तका आधारमा केही प्रशासनिक जिम्मेवारी समेत लिखित रुपमा नदिएर केबल प्राविधिक सल्लाहकारका रुपमा मात्र लिने हो भने प्रशासनिक पक्षमा केन्द्रित रहेको प्रणलीले एकैचोटी प्राविधिकरुपमा सफलता हासिल गर्न सक्दैन भन्ने प्रतिक्रिया शतप्रतिशत प्र.अ., वि.नि./स्रोतव्यक्ति, शिक्षक र वि.व्य.स. अध्यक्षहरुमा रहेको पाइयो । साथै कार्यबोझ कम गरेमा वि.नि/स्रोतव्यक्तिहरुले अधिकांश समय दिन्छन् र शैक्षिक गुणस्तर वृद्धि हुने धारणा शतप्रशित प्र.अ. र शिक्षकहरुबाट पाइयो ।

### ४.४.५ सहभागितामूलक सुपरिवेक्षण समीक्षा बैठक सञ्चालन गर्नुपर्ने

स्रोतकेन्द्र र जि.शि.का.मा सहभागितामूलक सुपरिवेक्षण समीक्षा बैठक संचालन हुने गरेको छैन भन्दै कम्तीमा महिनामा १ पटक समीक्षा बैठक सञ्चान हुनु पर्दछ भनी शतप्रतिशत प्र.अ., वि.व्य.स अध्यक्ष, शिक्षक र वि.नि/स्रोतव्यक्तिहरुले प्रतिक्रिया दिएको पाइयो ।

### ४.४.६ समयसापेक्ष सेवा सुविधामा वृद्धि गरिनुपर्ने

सहभागितामूलक विद्यालय निरीक्षण कार्यको महत्व र संवेदनशिलताको आधारमा यस क्षेत्रमा काम गर्नेहरुका लागि आवश्यक सेवा सुविधामा वृद्धि गरिनुपर्ने हुन्छ । निरीक्षण फिल्ड कार्य भएकोले फिल्ड भत्ता, फिल्डमा जाँदा आवश्यक पर्ने सामग्रीहरु उपलब्ध गराउनुपर्ने, यातायातको व्यवस्था गर्नुपर्ने हुन्छ । यसो गरेमा वि.नि. ⁄ स्रोतव्यक्तिहरु कामप्रति चासो देखाई विद्यालयमा नियमित उपस्थित भई सहभागितामूलक सुपरिवेक्षण पूरा गर्दछन् र शैक्षिक गुणस्तर बढ्न जाने धारणा शतप्रतिशत प्र.अ., शिक्षक र वि.व्य.स. अध्यक्षहरुबाट पाइयो ।

### ४.४.७ प्र.अ.को शिक्षण कार्यबोझ घटाई सहभागितामूलक सुपरिवेक्षणमा समय मिलाउनुपर्ने

प्रधानाध्यापकहरुलाई विद्यालयको दैनिक प्रशासन सञ्चालनको अतिरिक्त विषय शिक्षण कार्यबोझ पनि भएकोले विद्यालयमा शिक्षक दरबन्दी थप गरी सहभागितामूलक सुपरिवेक्षणमा समय मिलाउनुपर्ने शतप्रतिशत, प्र.अ, वि.नि ⁄ स्रोतव्यक्ति र वि.व्य.स. अध्यक्षहरुको प्रतिक्रिया रहेको पाइयो ।

### ४.४.८ अनुभवी सुपरिवेक्षकहरुको व्यवस्था गरिनुपर्ने

विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणको लागि भर्खरै स्नातक उत्तीर्ण गरी लोकसेवा उत्तीर्ण गरेर आएका कोरा व्यक्तिहरुलाई वि.नि.मा नियुक्ति गरी पठाउँदा उनीहरुमा शिक्षण अनुभवको अभावका कारण विद्यालय सुपरिवेक्षणमा समस्या देखिएकोले कम्तिमा १० वर्ष मा.वि.तहको शिक्षण अनुभव भएका शिक्षकहरुबाट वि.नि.को नियुक्ति गर्नुपर्ने शतप्रतिशत वि.नि.हरुको धारणा रहेको पाइयो ।

### ४.४.९ न्यायोचित प्रोत्हासनमा वृद्धि गरिनुपर्ने

राम्रो काम गर्ने र नराम्रो काम गर्नेहरुको उचित मूल्याङ्कन गरी राम्रो काम गर्नेहरुका लागि उचित मात्रामा प्रोत्साहन एवं पुरस्कार प्रदान गर्न सकेको खण्डमा काम गर्ने मान्छेमा थप

हौसला बढ्नुका साथै काम ठग्ने प्रवृतिको अन्त्य हुन जान्छ र सुपरिवेक्षकहरु खुसी भई विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणमा संलग्न हुन्छन्  र शैक्षिक गुणस्तर वृद्धि गराउने जस्ता धारणा शतप्रतिशत प्र.अ., वि.नि. ⁄ स्रोतव्यक्ति, शिक्षकहरुबाट पाइयो ।

### ४.४.१० निरीक्षण प्रतिवेदनको उचित कार्यान्वयन हुनुपर्ने

वि.नि.ले समय एवं परिश्रम खर्च गरेर तयार पारेको विद्यालय सम्बन्धि प्रतिवेदन मार्फत दिएका राय, सल्लाह, सुझाव एवं सुधार गर्नुपर्ने पक्षहरु उपर कार्यान्वयन पक्षले ध्यान नदिँदा उचित निरीक्षण वातावरण बन्न सक्दैन र निरीक्षकहरु कार्यप्रति निष्क्रिय रहन पुग्ने र शैक्षिक गुणस्तर वृद्धि गर्न नसकिने हुँदा प्रतिवेदनको उचित कार्यान्वयन गरिनुपर्ने धारणा  शतप्रतिशत प्र.अ. र शिक्षकहरुबाट पाइयो ।

### ४.४.११ स्रोतकेन्द्रलाई सुविधा सम्पन्न बनाउनुपर्ने

स्रोतकेन्द्रलाई नाममात्रको नभई कामको स्रोतकेन्द्र बनाउनुपर्दछ । स्रोतसाधनले सम्पन्न स्रोतकेन्द्रमा विद्यालय एवं शिक्षकको सहयोगको लागि चाहिने सबै खालका शैक्षिक बौद्धिक र भौतिक सामग्रीहरु हुनेगर्दछन् । यस्ता स्रोतकेन्द्रहरुलाई जि.शि.का.को प्रशासनिक अधिकार समेत दिएर विस्तारीत कार्यालयका रुपमा  विकसित गरिनुपर्ने धारणा शतप्रतिशत प्र.अ., वि.नि. ⁄ स्रोतव्यक्ति र शिक्षकहरुबाट पाइयो ।

### ४.४.१२  विद्यालय सहभागितामूलक सुपरिवेक्षण र शिक्षक सहायता संयन्त्रको निर्माण गरिनुपर्ने

जि.शि.का चितवन र स्रोतकेन्द्रहरुमा हालसम्म विद्यार्थी, शिक्षक, प्र.अ., वि.व्य.स, अभिभावक, वि.नि. ⁄ स्रोतव्यक्ति समेतको संलग्नतामा विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता संयन्त्रको अभावले विद्यालय सहभागितामूलक सुपरिवेक्षणमा समस्या देखिएकोले यथाशिघ्र यस किसिमको संयन्त्र निर्माण गर्नुपर्ने धारणा शतप्रतिशत प्र.अ., वि.नि. ⁄ स्रोतव्यक्ति र शिक्षकहरुबाट पाइयो ।

### ४.४.१३ उचित मात्रामा संचारको व्यवस्था गर्नुपर्ने

कुनै पनि कार्यको सफलता र प्रभावकारीताका लागि उचित मात्रामा गरिएको संचारले ठूलो मद्दत पुऱ्याउँदछ । आज पनि केही निरीक्षक एवं स्रोतकेन्द्रहरुले उल्लेखनिय कामहरु गरेको पाउन सकिन्छ । तर उचित संचारको कमीले गर्दा ती कार्यहरु अन्यत्र प्रशारण हुन पाएका छैनन् भने सम्बन्धित जि.शि.का, क्षे.शि.नि र शिक्षा विभागहरुमा वि.नि/स्रोतव्यक्तिहरुले राम्रो काम गरेका छन् र गर्छन् भन्ने कुराको छाप पार्न सकेको छैन । त्यस्तै गरी वि.नि/स्रोतव्यक्तिहरुले पनि आफूले गरेका कामहरु संचार माध्यमहरुद्वारा प्रचारप्रसारमा ल्याएमा अन्य स्थानका वि.नि/स्रोतव्यक्तिहरुमा पनि काम गर्ने जाँगर बढेर जान्छ र सहभागितामूलक सुपरिवेक्षणको प्रभावकारीता बढदछ भन्ने प्रतिक्रिया शतप्रतिशत प्र.अ. र शिक्षकहरुबाट पाइयो ।

### ४.४.१४ संगठन संरचना एउटै हुन नहुने

जसले कार्यक्रम संचालन गर्ने हो त्यसले अनुगमन निरीक्षण गरेर पनि निरीक्षणको क्षेत्रमा प्रभावकारीता हात नलागेको हो । त्यसैले विद्यालय निरीक्षण एवं सहभागितामूलक सुपरिवेक्षणको जिम्मा स्रोतकेन्द्रहरुलाई प्रदान गरी स्रोतकेन्द्रहरुलाई जि.शि.का.को प्रशासनिक अधिकार समेत दिएर विस्तारीत कार्यालयका रुपमा विकसीत गरिनुपर्दछ । वि.नि./स्रोतव्यक्तिहरुमा दक्ष व्यक्ति नियुक्ति गर्नुपर्दछ र जि.शि.का लाई ती स्रोतकेन्द्रहरुको अनुगमन गर्ने इकाइको रुपमा विकसित गरिनुपर्दछ भन्ने भनाई शतप्रतिशत प्र.अ., शिक्षक र वि.व्य.स. अध्यक्षहरुबाट पाइयो ।

कुनै पनि क्षेत्रमा समस्या रहेकै हुन्छ तर समस्या समस्याकै रुपमा नरही समाधान पनि सँगसँगै रहेको हुन्छ । त्यसलाई समयमानै पहिचान गरी उचित कदम चाल्न सकेको खण्डमा पक्कै पनि लक्ष्य प्राप्ति हुन्छ । विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणलाई प्रभावकारी बनाउन यसमा विद्यमान समस्याहरुलाई पहिचान गरी सुधार गर्नुपर्ने देखिन्छ । विद्यालय शिक्षाको गुणस्तर सुधारमा खटिएका वि.नि./स्रोतव्यक्तिहरुको कार्यको पनि जि.शि.का. क्षे.शि.नि र शिक्षा विभागबाट अनुगमन निरीक्षण हुन नितान्त आवश्यक छ ।

उनीहरुले कस्तो कार्य गरिरहेका छन् त्यसको  प्रभाव कस्तो रुपमा परेको छ । उनीहरुलाई कार्य गर्ने शिलशिलामा कस्ता कस्ता चुनौतीहरु परेका छन् त्यसको समयमा नै पहिचान गरी निराकरण गर्न जरुरी हुन्छ । मास्लोको अभिप्रेरणाको सिद्धान्तलाई निरीक्षणका क्षेत्रमा आत्मसात गर्दै विद्यालयको सहभागितामूलक सुपरिवेक्षण कार्यमा खटिएका वि.नि./स्रोत व्यक्तिहरुका चुनौती एवं आवश्यकतालाई क्रमिक रुपमा परिपूर्ति गर्दै जानसकेको खण्डमा वि.नि/स्रोतव्यक्तिहरुको विद्यालयको सहभागितामूलक सुपरिवेक्षण कार्यमा प्रभावकारीता देखिन्छ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

यस परिच्छेदमा अध्ययनको प्राप्ति, निष्कर्ष तथा सुझावलाई समावेश गरिएको छ । प्रश्नावलीको माध्यमबाट प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषणबाट प्राप्त जानकारीको आधारमा प्राप्ति र प्राप्तिको आधारमा निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ ।

## ५.१. प्राप्ति

तथ्याङ्कको व्याख्या र विश्लेषणबाट प्राप्त जानकारीको आधारमा प्राप्ति निम्नानुसार प्रस्तुत गरिएको छ :

क) प्रधानाध्यापकहरु बढी मात्रामा स्रोत केन्द्र र जि.शि.का. गईरहने, वि.नि./स्रोतव्यक्तिहरु विद्यालयमा नियमित रुपमा उपस्थित नहुने कारणले गर्दा सहभागितामूलक सुपरिवेक्षणमा नियमितता नभएको पाइयो ।

ख) शैक्षिक गुणस्तर प्रवर्द्धन गर्नको लागि मा.वि. र नि.मा.वि. तहका विषयगत संयोजक शिक्षकहरुले प्रा.वि. तहको मिल्ने विषयमा कक्षा अवलोकन गरी समस्या भए समाधानको लागि प्रा.वि. तहको शिक्षकहरुलाई पृष्ठपोषण दिने गरेको समेत पाइयो ।

ग) विद्यालयमा सहभागितामूलक सुपरिवेक्षकहरुले विद्यालयको नियमित निरीक्षण अनुगमन गरी विद्यालयको स्तर उन्नतीको लागि सहयोग गर्ने, प्रशासनिक र प्राज्ञिक सल्लाह, सुझाव, सहयोग लगायतका आवश्यक गोष्ठि, कार्यशाला, नमूना शिक्षण, मूल्याङ्कन आदिमा सहयोग गरेको पाइयो ।

घ) सहभागितामूलक सुपरिवेक्षण प्रणालीबाट पूर्ण रुपमा शिक्षकहरु सन्तुष्ट नरहेको पाइयो । वि.नि. स्रोतव्यक्ति, प्र.अ., विषय विशेषज्ञद्वारा सहभागितामूलक कक्षा अवलोकन ज्यादै कम वा नगन्य मात्रामा हुने गरेको गुनासो शिक्षकहरुबाट पाइयो ।

ङ) प्रधानाध्यापकहरु प्रशासनिक कार्य र आफ्नो विषय शिक्षणमा व्यस्त रहनु परेकोले अन्य कक्षा तथा शिक्षकहरुको सहभागितामूलक कक्षा अवलोकन तथा सुपरिवेक्षण गर्न समयको अभाव रहेको पाइयो ।

च) कम्प्युटर, इमेल इन्टरनेट जस्ता आधुनिक प्रविधि, संचार र यातायातको सुविधाको पहुँच र सहभागितामूलक सुपरिवेक्षकहरुलाई समय समयमा तालिमको अभावले गर्दा सहभागितामूलक सुपरिवेक्षणमा प्रभावकारीता आउन नसकेको देखियो ।

छ) न्यून फिल्ड भत्ताले भौगोलिक रुपमा टाढा टाढा छरिएर विद्यालयहरुमा पैदल यात्रा गर्दा अति खर्चिलो भई अब्राहम मास्लोले भने जस्तो सहभागितामूलक सुपरिवेक्षकहरुका आधारभुत आवश्यकता पूरा हुन नसकी विद्यालय सहभागितामूलक सुपरिवेक्षणमा नियमितता आउन सकेको देखिएन ।

ज) शिक्षामा राजनैतिक प्रभावका कारण विद्यालय व्यवस्थापन समितिमा सामान्य लेखपढसम्म नभएका व्यक्तिहरु पनि चयन भएका र उनीहरुलाई विद्यालय सहभागितामूलक सुपरिवेक्षण सम्बिन्ध जानकारीको अभावमा प्रभावकारी सुपरिवेक्षण हुन सकेको देखिएन ।

झ) विद्यालय सुपरिवेक्षकहरुको योग्यतापनि माध्यमिक शिक्षक सरह वि.एड् कायम भएकोले सबै विद्यालयका शिक्षकहरु सहभागितामूलक सुपरिवेक्षणबाट लाभान्वित हुन सकेको पाइएन ।

ञ) विद्यालय स्रोतकेन्द्र र जिल्लामा सहभागितामूलक सुपरिवेक्षणसँग सम्बन्धित सम्पूर्ण व्यक्ति र निकायको संलग्नतामा विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता संयन्त्र निर्माण तथा स्रोतकेन्द्र र जि.शि.का.मा विद्यालय सहभागितामूलक सुपरिवेक्षण समिक्षा बैठकहरु हुने गरेको देखिएन ।

ट) प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको लागि सहभागितामूलक सुपरिवेक्षण सहयोगी रहेको पाइयो ।

ठ) शिक्षक/शिक्षक, स्रोतव्यक्ति/स्रोतव्यक्ति, वि.नि./वि.नि., प्र.अ/प्र.अ. तथा एक अर्का बिच सहकार्य र सहयोगात्मक भावनाको विकास भएको पाइयो ।

ड) शिक्षण सिकाइमा सहभागी पक्षहरुबीच दक्षता र क्षमता अभिवृद्धि गर्न सहभागितामूलक सुपरिवेक्षण सहयोगी रहेको पाइयो ।

ढ) सहभागितामूलक सुपरिवेक्षकहरुका लागि आवश्यक मात्रामा तालिमको अभाव, सुरक्षाको प्रत्याभूतिको अभाव, राजनैतिक हस्तक्षेपले कार्य गर्ने वातावरण प्रभावित बन्न पुगेको, शिक्षक र निरीक्षक एउटै सिक्काका दुई पाटा हुन् भन्ने धारणा अझै विकसित हुन नसकेको, भौगोलिक विकटताले गर्दा विद्यालयलाई आवश्यक परेको बेलामा निरीक्षण सेवा पुऱ्याउन गाह्रो परीरहेको अवस्थामा एकातिर देखियो भने दुर्गम ठाउमा काम गर्ने र सुगम ठाउमा काम गर्ने कर्मचारीको बीचमा समान फिल्ड भत्ताले गर्दा उनीहरुमा कामप्रति हिनताबोध

गराएको, वि.नि.हरुले पेश गरेको निरीक्षण प्रतिवेदन उपर जि.शि.अ.ले कारवाही गर्ने परिपाटी न्यून रहेकोले वि.नि.हरुमा काम  गर्ने जोसजाँगर र उत्साहमा कमी भएको अवस्था, स्रोतव्यक्तिहरुका लागि सहायक कर्मचारीको अभाव, स्रोतकेन्द्र आवश्यक मात्रामा सुविधा सम्पन्न बन्न नसकेको विविध चुनौती रहेको पाइयो ।

ण) विद्यालयस्तरीय सहभागितामूलक सुपरिवेक्षणलाई प्रभावकारी बनाउन सुपरिवेक्षकलाई तालिमको व्यवस्था गरिनुपर्ने, जति सक्दो चाडो शैक्षिक क्षेत्रलाई राजनैतिक हस्तक्षेपबाट मुक्त गरिनुपर्ने, बढ्दो विद्यालय संख्याको अनुपातमा वि.नि. दरबन्दी थप्दै जानुपर्ने, समयसापेक्ष वि.नि.हरुको सेवा सुविधामा वृद्धि गरिनुपर्ने धारणा व्यक्त गरेको पाइयो ।

त) सहभागितामूलक सुपरिवेक्षणमा खटिएका पदाधिकारीहरु बीच केही पदाधिकारीहरु निरीक्षणमा उदासिनता रहेको पाइयो ।

थ) राष्ट्रिय आवश्यकता तथा परिवर्तित राजनैतिक प्रणाली अनुसार शिक्षा ऐन तथा नियमावली संशोधन तथा परिमार्जन नभएको पाइयो ।

## ५.२. निष्कर्ष

शिक्षा क्षेत्रमा निरीक्षण सुपरिवेक्षण यस्तो हतियार हो जुन विना समग्र शिक्षा प्रणालीनै अपाङ्ग बन्न पुग्दछ । शैक्षिक गुणस्तर बढाउदै अगाडि लैजाने जिम्मेवार व्यक्तिहरुको रुपमा सुपरिवेक्षकहरु रहेका हुन्छन् । प्राप्तिको आधारमा निम्न निष्कर्ष प्रस्तुत गरिएको छ :

क) शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि सहभागितामूलक सुपरिवेक्षण कार्यलाई प्रभावकारी ढंगबाट अगाडि बढाउनु पर्ने आवश्यकता देखिएको छ । सहभागितामूलक  सुपरिवेक्षण कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउनका लागि सुपरिवेक्षण कार्यमा निरन्तर रुपमा लागि परेका वि.नि. ⁄ स्रोतव्यक्तिहरुले यस क्रममा भोगिरहेका चुनौतीहरुको पहिचान गरी समाधान तर्फ ध्यान दिनुपर्दछ ।

ख) सहभागितामूलक सुपरिवेक्षण सम्बन्धित वि.नि⁄स्रोतव्यक्ति, प्र.अ., वि.व्य.स को सहभागितामा विद्यालय सुपरिवेक्षण समिक्षा बैठक र अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्ने गरिएको छैन । विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन भए नभएको, स्टाफ बैठक

तथा वि.व्य.स बैठक नियमित हुने गरे नगरेको सम्बन्धमा सहभागितामूलक सुपरिवेक्षण र अनुगमन हुने गरेको छैन ।

ग) वि.नि. ⁄ स्रोतव्यक्तिहरुले जति राम्रो उत्तर दिएतापनि विद्यालयमा नियमित रुपमा सहभागितामूलक सुपरिवेक्षण नभएको र उनीहरुको तथ्याङ्क वास्तविक नभई काल्पनिक हुने गरेकाले विद्यार्थी विवरण तथा अन्य सूचनामा फरक परेको छ । वि.नि. ⁄ स्रोतव्यक्तिले विद्यालय अनुगमन र सहभागितामूलक सुपरिवेक्षण गरी सिफारिस सहित जि.शि.का.मा पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने परीपाटी बसेको छैन । लामो समयसम्म वि.व्य.सको बैठक नबसेकोले विद्यालयमा सहभागितामूलक सपरिवेक्षण प्रभावकारी हुन सकेको छैन । जि.शि.का.ले सहभागितामूलक सुपरिवेक्षकहरुको प्रतिवेदन कार्यान्वयन गर्ने गरेका छैनन् ।

घ) निरीक्षणमा खटिएका सम्बन्धित पदाधिकारीहरु बीचमा केही पदाधिकारीहरु सहभागितामूलक सुपरिवेक्षणमा सहभागि नभएको देखिन्छ । प्र.अ.को पाठ्यभार बढि हुनु, वि.नि. ⁄ स्रोतव्यक्तिहरु, जि.शि.का र स्रोतकेन्द्रमा केन्द्रित हुने प्रवृत्तिले गर्दा सहभागितामूलक सुपरिवेक्षणमा पर्याप्त मात्रामा सहभागि हुन सकेका छैनन् ।

ङ) सहभागितामूलक सुपरिवेक्षणले प्रभावकारी शिक्षण सिकाइ हुन जान्छ । सहभागितामूलक सुपरिवेक्षणले शिक्षक-शिक्षक, शिक्षक-विद्यार्थी, समिति-अभिभावक बीच छलफल अन्तरक्रिया बढी हुने भएकोले प्रभावकारी सिकाइ हुन जान्छ ।

च) शिक्षण सिकाइ प्रक्रियामा सहभागि पक्षहरुबीच सहकार्य, सहयोगात्मक भावनाको विकास भएको देखिन्छ । शिक्षक-शिक्षकबीच अन्तरक्रिया, खोजअनुसन्धान, शिक्षण विधिको छनौट र प्रस्तुतीकरणमा सहयोग र सहकार्य हुने भएकोले शिक्षण-सिकाइ प्रभावकारी हुन्छ ।

छ) शैक्षिक क्षेत्रमा क्रियाशिल पक्षहरुबीच सहभागितामूलक सुपरिवेक्षणबाट दक्षता र क्षमता अभिवृद्धि भएको देखिन्छ । सहभागितामूलक सुपरिवेक्षणमा छलफल अन्तरक्रिया गरी समस्या समाधान गर्ने भएकोले दक्षता र क्षमता अभिवृद्धि हुन्छ ।

ज) विद्यालयको अनुपातमा लामो समयदेखि दरबन्दी थप नभएकोले कम सुपरिवेक्षकहरुले बढी विद्यालयहरुमा सहभागितामूलक सुपरिवेक्षण गरी शिक्षकहरुका समस्यालाई सम्बोधन गर्न कठिन परेको छ ।

झ) सहभागितामूलक सुपरिवेक्षकहरु शिक्षण सिकाइ क्रियाकलाप र शिक्षक विद्यार्थी बीचको व्यवहारको गहन अध्ययन गर्दैनन् र वि.नि. ⁄ स्रोतव्यक्तिहरुमा आफ्नो पेशाप्रति जवाफदेही हुनुभन्दा पनि जागिर खाने प्रवृत्ति रहेको छ ।

ञ) स्रोतव्यक्तिहरुको नियुक्तिमा स्रोतकेन्द्र व्यवस्थापन समितिको मातहतमा रही कामकाज गर्नुहुने भनिएको र राजनैतिक परिवर्तनले प्रभाव पार्ने भएकोले उनीहरु आफ्नो जिम्मेवारी प्रति उदासिन छन् ।

ट) वि.व्य.स पदाधिकारीहरुलाई आवश्यक तालिमको अवसर प्राप्त नभएकोले सहभागितामूलक सुपरिवेक्षण सम्बन्धि ऐन नियममा व्यवस्था भए अनुसार काम, कर्तव्य र अधिकारको स्पष्ट व्याख्या गरेको पाइदैन ।

ठ) सहभागितामूलक सुपरिवेक्षकहरुलाई भौगोलिक विकटता र दुर्गमको महङ्गी धान्न सक्ने तबल भत्ता तथा यातायात र संचार सुविधाको अभावमा सहभागितामूलक सुपरिवेक्षण सहज र प्रभावकारी हुन सकेको छैन ।

ड) शिक्षा ऐन तथा नियमावली राष्ट्रिय आवश्यकता एवं परिवर्तित राजनैतिक प्रणाली अनुरुप संशोधन तथा परिमार्जन नभएको देखिन्छ ।

## ५.३. सुझावहरु

शैक्षिक गुणस्तर प्रबर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण सम्बन्धि अध्ययनको प्राप्ति र निष्कर्षको आधारमा सहभागितामूलक सुपरिवेक्षण प्रक्रियालाई प्रभावकारी बनाउनका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ :

क) तालिमद्वारा नै व्यक्तिले आफ्नो कार्यक्षेत्रमा विशिष्टता प्राप्त गर्ने भएकोले सहभागितामूलक सुपरिवेक्षकहरुका लागि पनि आवश्यक मात्रामा पूर्वसेवाकालिन, सेवा प्रवेश, सेवाकालिन तालिम प्रदान गर्नुका साथै पुनर्ताजगी कार्यक्रमहरु संचालन गरिनुपर्दछ । राजनैतिक दबाबका भरमा कर्मचारी नियुक्ति गर्ने परिपाटीले गर्दा निष्पक्षतापूर्वक कार्य गर्ने वातावरणको अवसर नभएकोले शिक्षा क्षेत्रलाई राजनैतिक प्रभुत्वबाट मुक्त गरिदिनु पर्दछ ।

ख) विद्यालयको संख्या वृद्धिको अनुपातमा वि.निहरुको दरबन्दी वृद्धि गर्न नसकिरहेको अवस्थाले गर्दा वि.निहरुमा कार्यबोझ बढी रहेको हुनाले विद्यार्थी र विद्यालय संख्याको अनुपातमा छिटो भन्दा छिटो वि.नि. दरबन्दी थप गर्दै जानुपर्दछ ।

ग) सहभागितामूलक सुपरिवेक्षणलाई यातायात र संचार जस्ता सुविधा र अधिकारहरुको अभावमा उनीहरुको कार्यसम्पादन प्रक्रिया सन्तोषजनक नदेखिएकोले उनीहरुलाई आवश्यक

सुविधा र अधिकार उपलब्ध गराउनु पर्दछ । वि.नि/स्रोतव्यक्तिहरुको दुर्गम र महङ्गीको दृष्टिकोणले भत्ता ज्यादै कम देखिएकाले उनीहरुको आधारभूत आवश्यकता परिपूर्ति हुने गरी फिल्ड भत्ताको व्यवस्था गर्नुर्दछ ।

घ) सहभागितामूलक सुपरिवेक्षण गर्ने व्यक्तिहरुको बीच समन्वय र सहकार्यको अभाव र जि.शि.का.मा विद्यालय सहभागितामूलक सुपरिवेक्षण समिक्षा बैठक संचालन गर्नुपर्दछ । वि.नि/स्रोतव्यक्तिहरुबाट पेश भएका सहभागितामूलक सुपरिवेक्षण प्रतिवेदन कार्यान्वयन गर्न जि.शि.का. उदासिन रहेको पाइएकोले निष्पक्ष र तत्परताका साथ यस्ता प्रतिवेदनहरु कार्यान्वयन गर्न जि.शि.का अग्रसर रहनुपर्दछ ।

ङ) प्र.अ., वि.व्य.स, वि.नि/स्रोतव्यक्तिहरुमा विद्यालय सहभागितामूलक सुपरिवेक्षण सम्बन्धि ज्ञान, सीप र दक्षताको अभाव देखिएकोले उनीहरुलाई तालिम गोष्ठि र सेमिनारको व्यवस्था गर्नुपर्दछ । प्र.अहरुले समय अभावका कारण कक्षा शिक्षण अवलोकन र सहभागितामूलक सुपरिवेक्षण गर्न असमर्थ रहेको पाइएकोले उनीहरुको शिक्षण कार्यबोझ घटाएर सहभागितामूलक सुपरिवेक्षण र कक्षा अवलोकनमा समय उपलब्ध गराउनुपर्दछ । प्र.अ.वि.व्य.स र वि.नि/स्रोतव्यक्तिहरुको नियुक्ति गर्दा राजनैतिक हस्तक्षेपहुने पाइएकोले विद्यालय र सहभागितामूलक सुपरिवेक्षण निकायलाई राजनैतिक हस्तक्षेपबाट मुक्त राख्नुपर्दछ ।

च) कुनै पनि वि.नि./स्रोतव्यक्तिहरुले सम्पूर्ण विषयको सहभागितामूलक रुपमा कक्षा अवलोकन र पृष्ठपोषण गर्न सम्भव नदेखिएकोले विषयगत  वि.नि. तथा सुपरिवेक्षणको व्यवस्था गर्नुपर्दछ । सहभागितामूलक सुपरिवेक्षण कार्यमा खटिएका सम्बन्धित पदाधिकारीहरुबीच जि.शि.का., क्षे.शि.नि. र शिक्षा विभागबाट भरपर्दो निरीक्षण हुनु उपयुक्त देखिन्छ ।

छ) वि.नि./स्रोतव्यक्तिहरुको योग्यता मा.वि. शिक्षक सरह वि.एड. मात्र तोकिएकोले विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण प्रभावकारी देखिएको छैन । अतः उनीहरुको न्यूनतम योग्यता एक तह माथि वा एम.एड. कायम गरिनुपर्दछ । शिक्षा ऐन नियमावली राष्ट्रिय आवश्यकता वा बदलिदो परिस्थिति अनुरुप संशोधन तथा परिमार्जन हुनुपर्दछ ।

ज) विद्यालय सहभागितामूलक सुपरिवेक्षणको प्रमुख निकाय स्रोतकेन्द्र र सुपरिवेक्षकहरुमा साधन र स्रोतको अभाव देखिएकोले उनीहरुलाई भौतिक, आर्थिक र मानव स्रोत साधनले सम्पन्न बनाई विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणको वर्तमान अवस्थामा सुधार गर्नुपर्दछ ।

झ) वि.नि. /स्रोतव्यक्तिहरुको कार्यको मूल्याङ्कन गर्ने आवश्यक मात्रामा परिपाटी नभएकोले वि.नि. /स्रोतव्यक्तिहरु काम प्रति प्रोत्साहित हुन नसकिरहेको अवस्था देखिएकोले आवश्यक मात्रामा उनीहरुको कार्यको मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्दछ ।

यस विषयसँग सम्बन्धित निम्न शीर्षकहरुमा समेत अध्ययन गर्न सकिन्छ :

क) विद्यालयका सहभागितामूलक सुपरिवेक्षणले शिक्षण सिकाईमा पर्ने प्रभाव

ख) विद्यालय सुपरिवेक्षणमा वि.नि. र स्रोतव्यक्तिको भूमिका

ग) विद्यालय सुपरिवेक्षणमा वि.व्य.सको प्रभावकारीता

घ) विद्यालयको शैक्षिक र आर्थिक अवस्थामा सहभागितामूलक सुपरिवेक्षणको प्रभाव

# सन्दर्भग्रन्थसूचीहरु


अधिकारी, विष्णु प्रसाद (२०६४), **शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली**, काठमाण्डौं आशिष पुस्तक भण्डार ।

कानून किताब व्यवस्थापन समिति (२०६८), **शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली (२०५९),** काडमाण्डौंः नेपाल सरकार ।

काफ्ले, वासुदेव, श्रेष्ठ चन्द्रबहादुर र सिन्हा  रामस्वरुप (२०६०), **शैक्षिक योजना**, काठमाण्डौः भूडीपुराण प्रकाशन ।

काफ्ले बासुदेव (२०६२), **शैक्षिक प्रशासन र सुपरिवेक्षण**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, वासुदेव, श्रेष्ठ चन्द्रबहादुर र सिन्हा  रामस्वरुप (२०६२), **शैक्षिक प्रशासन र सुपरिवेक्षण,** काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ (२०५९), **शिक्षा वर्तमान  निरीक्षण प्रणाली पृष्ठपोषण र त्यसको उपयोग,** शिक्षा जगतको वार्षिक पत्रिका, भक्तपुरः शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र ।

कोइराला, विद्यानाथ, गौतम प्रदिपचन्द्र र लुइटेल रमेश प्रसाद (२०६४), **शैक्षिक प्रशासन र सुपरिवेक्षण,** काठमाण्डौंः क्वेस्ट पब्लिकेशन, न्यू हिरा बुक्स ईन्टरप्राइजेज ।

खनाल, पेशल र खतिवडा, सोमप्रसाद (२०५४), **अनुसन्धान पद्धति**, काठमाण्डौः एम.के. पब्लिसर्स एण्ड डिष्टीव्यूटर्स ।

धिताल, हरिहर (२०५९), **नेपालमा विद्यालय निरीक्षण प्रणालीमा देखिएका समस्या र समाधानका उपायहरु**, शैक्षिक दपर्ण, जि.शि.का. जुम्ला ।

पौडेल, इन्दिरा (२०६७), **शैक्षिक गुणस्तर प्रवर्द्धनमा सुपरिवेक्षणको भूमिका एक अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर ।

वलायर, भोजबहादुर (२०६६), **विद्यालयमा आधारित शैक्षिक अनुगमन,** भक्तपुरः शैक्षिक सूचना संगालो, शिक्षा विभाग ।

भण्डारी, अर्जुन बहादुर (२०५९), **दुरशिक्षा**, नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, दुर शिक्षा केन्द्र, भक्तपुर ।

मैनाली, गुरु (२०६६), **निरीह निरीक्षक शिक्षक मासिक**, ललितपुरः हिमाल एसोसियसन ।

लम्साल, कल्पना (२०६६), **सामुदायिक एवम् संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षणको तुलनात्मक अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर ।

शर्मा, कुवेरनाथ (२०६०), **शिक्षाको दर्शनशास्त्रीय एवं समाजशास्त्रीय आधार** काठमाण्डौंः रत्नपुस्तक भण्डार ।

शर्मा, जयकृष्ण (२०६२), **सामुदायिक एवम् संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा सरोकारवाला सहभागिता एक तुलनात्मक अध्ययन**, शिक्षा स्नातकत्तोर अप्रकाशित शोधपत्रः त्रि.वि. सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर ।

सापकोटा, रमाकान्त (२०६३), **शैक्षिक गुणस्तर विकासमा विद्यालय व्यवस्थापनको भूमिका** शैक्षिक दर्पण, जि.शि.का. चितवन ।

## शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण

## अनुसूचि -१

### वि.नि./स्रोतव्यक्तिका लागि प्रश्नावलीहरुः

नाम : तालिम :

अनुभव : शैक्षिक योग्यता :

१. वि.नि/स्रोत व्यक्तिको नाम के हो?

२. विद्यालयको सहभागितामूलक सुपरिवेक्षणको निम्ति के कस्तो तालिम पाउनु भएको छ वा छैन ?

३. सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षणको कत्तिको आवश्यकता देख्नुभएको छ ?

४. तपाईले आफ्नो कार्यक्षेत्रमा कतिवटा विद्यालय हेर्नुभएको छ ?

५. वर्षमा एउटा विद्यालयको सहभागितामूलक सुपरिवेक्षण सरदर कति पटक गर्नुहुन्छ ?

६. तपाईहरुबाट सहभागितामूलक रुपमा विद्यालयमा कक्षा अवलोकन कत्तिको हुन्छ ?

७. विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणको वर्तमान स्थिति के कस्तो छ ?

८. विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणका के-के चुनौती छन् ?

९. सहभागितामूलक विद्यालय सुपरिवेक्षण सम्बन्धि प्रतिवेदन जि.शि.अ. लाई कति पटक दिने गर्नुभएको छ ?

१०. जि.शि.अ. ले तपाईहरुको कामको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?

११. वि.नि/स्रोतव्यक्ति दुवै निरीक्षकमा सहभागि हुँदा काममा दोहोरोपनाको स्थिति के-छ ?

१२. सहभागितामूलक सुपरिवेक्षण हुनुको कारण के-के होला ?

१३. शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि वि.नि. ⁄ स्रोतब्यक्तिको सहभागितामूलक सुपरिवेक्षणको भूमिकाले कस्तो प्रभाव पार्ला ?

१४. शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षणमा वि.नि. ⁄ स्रोतब्यक्तिको भूमिकाहरु के-के हुन् ?

१५. सहभागितामूलक सुपरिवेक्षणको नियमितताले शिक्षकको शिक्षण क्रियाकलापमा फरक पाउनु भएको छ ?

१६. शैक्षिक सुपरिवेक्षण शैली परिमार्जनको आवश्यकता किन देख्नुभएको छ ?

१७. विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणलाई प्रभावकारी बनाउने विकल्पहरु के-के छन् ?

## शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण

## अनुसूचि -२

### प्र.अ. र शिक्षकका लागि प्रश्नावलीहरुः

शैक्षिक योग्यता

नाम : पद :

विद्यालयको नाम : शैक्षिक योग्यता :

१. तपाईको विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण पछिल्लो पटक कहिले भएको थियो ?

२. तपाईको विद्यालयमा एक शैक्षिक सत्रमा वि.नि ⁄ स्रोतव्यक्ति, वि.व्य.स.पदाधिकारी, विषय विशेषज्ञहरुद्धारा सहभागितामूलक सुपरिवेक्षण कार्य कति पटक सम्म हुने गरेको छ ?

३. निरीक्षकहरुबाट तपाइहरुले के-के सिक्न पाउनु भएको छ ?

४. प्र.अ. स्वयम् एक सुपरिवेक्षक हो भन्ने कुरालाई कसरी स्पष्ट पार्नु हुन्छ ?

५. शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षणको आवश्यकता कत्तिको देख्नुभएको छ ?

६. सहभागितामूलक सुपरिवेक्षणको वर्तमान स्थिती के कस्तो छ ?

७. विद्यालयमा सहभागितामूलक सुपरिवेक्षणमा कमिकमजोरी देख्नुभएको छ वा छैन ?

८. कस्ता योग्यता र अनुभवका व्यक्तिलाई निरीक्षक पदमा नियुक्ति गर्नुपर्ने ठान्नुहन्छ ?

९. वि.नि/स्रोतब्यक्ति, वि.व्य.स. पदाधिकारी, विषय विशेषज्ञहरुले सहभागितामूलक रुपमा कक्षा अवलोकन कत्तिको गर्छन् ?

१०. सहभागितामूलक कक्षा अवलोकन पश्चात समूह छलफल चलाई फिडव्याक दिने कत्तिको गर्छन् ?

११. पछिल्लो पटक गरेको सहभागितामूलक कक्षा अवलोकन बाट तपाईलाई के फिडब्याक दिएर गए ?

१२. सहभागितामूलक सुपरिवेक्षणबाट तपाईले के -के सिक्न पाउनुभयो ?

१३. सहभागितामूलक सुपरिवेक्षण पछि कसैलाई कारवाही गरियो कि गरिएन ?

१४. शैक्षिक गुणस्तर प्रवर्द्धनमा वि.नि/ स्रोतब्यक्तिको भूमिका के-के हुन सक्छन् ?

१५. सहभागितामूलक सुपरिवेक्षणमा देखिएका चुनौतीहरु के-के छन् ?

१६. सहभागितामूलक सुपरिवेक्षण गरे बाट शैक्षिक गुणस्तर वृद्धि भएको आधार के-के हुनसक्छन् ?

१७. शैक्षिक गुणस्तर वृद्धिमा वि.नि./स्रोतव्यक्ति, विषय विशेषज्ञ, वि.व्य.स. पदाधिकारीहरुले के गरिदियोस् भन्ने चाहनुहुन्छ ?

१८. सहभागितामूलक सुपरवेक्षणमा के कस्ता सुधारको खाँचो देख्नुभएको छ ?

१९. सहभागितामूलक सुपरिवेक्षणबाट शैक्षिक गुणस्तर वृद्धि गर्न वि.नि/स्रोतव्यक्ति, विषय विशेषज्ञ, वि.व्य.स. पदाधिकारीहरुलाई के कस्ता सुझाब दिनुहुन्छ ?

२०. शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयमा सहभागितामूलक सुपरिवेक्षण महिनामा कति पटक हुनुपर्छ जस्तो लाग्छ ?

**शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण**

**अनुसूचि -३**

**छनौटमा परेका स्रोतकेन्द्र र त्यस अन्तर्गतका विद्यालयहरुको विवरण**

| सि.न. | स्रोतकेन्द्र | विद्यालय |
|---|---|---|
| १ | भण्डारा स्रोतकेन्द्र | भण्डारा उ.मा.वि., भण्डारा |
| २ | खैरहनी स्रोतकेन्द्र | वीरेन्द्र आदर्श उ.मा.वि., वीरेन्द्रनगर |
| ३ | पिठूवा स्रोतकेन्द्र | जनजीवन उ.मा.वि., चैनपूर |
| ४ | झुवानी स्रोतकेन्द्र | कपिया उ.मा.वि., कुमरोज |

## शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि सहभागितामूलक सुपरिवेक्षण

## अनुसूचि -४

## छनौटमा परेका विद्यालयहरुको SLC नतिजा विवरण

| विद्यालयको नाम | साल | सम्मिलित कुल वि.स | उत्तीर्ण कुल.वि. | वि.श्रे. | प्र.श्रे. | द्वि.श्रे. | तृ.श्रे. | उ.प्र |
|---|---|---|---|---|---|---|---|---|
| भण्डारा उ.मा.वि., भण्डारा | २०६६ | 83 | 35 | - | 4 | 31 | - | 42.16 |
| | २०६७ | 66 | 41 | - | 7 | 34 | - | 62.12 |
| वीरेन्द्र आदर्श उ.मा.वि., वीरेन्द्रनगर | २०६६ | 133 | 79 | - | 14 | 65 | - | 59.3 |
| | २०६७ | 117 | 66 | - | 14 | 45 | 7 | 56.41 |
| जनजीवन मा.वि., चैनपूर | २०६६ | 79 | 36 | - | 10 | 26 | - | 45.56 |
| | २०६७ | 68 | 48 | - | 12 | 34 | 2 | 70.58 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कपिया मा.वि., कुमरोज | २०६६ | 84 | 57 | - | 16 | 39 | 2 | 67.85 |
| | २०६७ | 67 | 22 | - | 8 | 14 | - | 32.83 |

स्रोतः विद्यालय अभिलेख (२०६६,२०६७)

## अनुसूचि -५

## सहभागितामूलक सुपरिवेक्षण आवश्यकताको पहिचानका लागि

## तयार पारिएको रेटिङ स्केल

| आवश्यकताहरु | छ/किन | छैन/किन |
|---|---|---|
| क) शिक्षण सिकाई व्यवस्थित गर्न | | |
| ख) सहकार्य, सहयोगात्मक भावनाको विकास र विचारको आदानप्रदान गर्न | | |
| ग) दक्षता र क्षमताको अनुसरण गर्न | | |
| घ) स्रोत र साधनको अधिकतम उपयोगबाट शैक्षिक गुणस्तर बढाउन | | |
| ङ) समुहमा कार्य गर्ने भावनाको विकास गर्न | | |

## अनुसूचि -६

## सहभागितामूलक सुपरिवेक्षणको आवश्यकता पहिचानका लागि प्रश्नावलीबाट प्राप्त धारणाको सार

| उप-शीर्षक | प्र.अ. | वि.नि. | स्रोत व्यक्ति | शिक्षक | वि.व्य.स. अध्यक्ष |
|---|---|---|---|---|---|
| क) शिक्षण सिकाइ व्यवस्थित गर्न | ४ जना, शतप्रतिशत सकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक | १२ जना, ७५ प्रतिशत सकारात्मक र ४ जना, २५ प्रतिशत नकारात्मक | २ जना, ५० प्रतिशत सकारात्मक र २ जना, ५० प्रतिशत नकारात्मक |
| ख) सहकार्य, सहयोगात्मक भावनाको विकास र विचारको आदानप्रदान गर्न | ४ जना, शतप्रतिशत सकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक | १२ जना, ७५ प्रतिशत सकारात्मक र ४ जना, २५ प्रतिशत नकारात्मक | २ जना, ५० प्रतिशत सकारात्मक र २ जना, ५० प्रतिशत नकारात्मक |
| ग) दक्षता र क्षमताको अनुशरण गर्न | ४ जना, शतप्रतिशत सकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक | १६ जना, शतप्रतिशत सकारात्मक | ३ जना, ७५ प्रतिशत सकारात्मक र १ जना, २५ प्रतिशत नकारात्मक |
| घ) स्रोत र साधनको अधिकत्तम उपयोगबाट शैक्षिक गुणस्तर बढाउन | ४ जना, शतप्रतिशत सकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक | १२ जना, ७५ प्रतिशत सकारात्मक र ४ जना, २५ प्रतिशत नकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) समुहमा कार्य गर्ने भावनाको विकास गर्न | ४ जना, शतप्रतिशत सकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक | ८ जना, ५० प्रतिशत सकारात्मक र ८ जना, ५० प्रतिशत नकारात्मक | ४ जना, शतप्रतिशत सकारात्मक |